# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १७७ | काठमाडौं | आइतबार, ०४ कात्तिक २०८१ | Prabhab National Daily | Sunday, October 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,

- नियमित रूपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं । सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


विपद् प्रभावित स्थानीय तहलाई राहत

## तीन वर्गमा वर्गीकरण गरी रकम पठाइँदै



■ **प्रभाव संवाददाता**

- २० जिल्लाका ७१ स्थानीय तहलाई क्षतिका आधारमा वर्गीकरण
- अति प्रभावितलाई एक करोड, प्रभावितलाई ७५ लाख र सामान्य प्रभावितलाई ५० लाख राहत दिने मन्त्रिपरिषद्को निर्णय
- अति प्रभावित पालिकाको सूचीमा काभ्रेपलाञ्चोकको रोशी, तेमाल र बेथानचोक गाउँपालिका तथा पनौती र नमोबुद्ध नगरपालिका, ललितपुरको महांकाल, कोञ्ज्योसोम, बागमती गाउँपालिका र गोदावरी नगरपालिका

**काठमाडौं–** सरकारले विपद् प्रभावित स्थानीय तहहरूलाई क्षतिका आधारमा तीन वर्गमा वर्गीकरण गरी राहत उपलब्ध गराउने भएको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।

असोज १० देखि १३ गतेसम्मको भारी वर्षापछिको बाढीपहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन असोज २१ गते घोषणा गरिएका २० जिल्लाका ७१ स्थानीय तहलाई क्षतिका आधारमा राहत उपलब्ध गराउने निर्णयमा उल्लेख छ। सिफारिस भई आएबमोजिम प्रधानमन्त्री दैवी प्रकोप राहत उद्धार कोषबाट क्रमशः अति प्रभावितलाई एक करोड रूपैयाँ, प्रभावितलाई ७५ लाख र सामान्य प्रभावितलाई ५० लाख रूपैयाँ विपद् व्यवस्थापन कोषमार्फत उपलब्ध गराउने निर्णय गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए।

अति प्रभावित पालिकाको सूचीमा रहेका काभ्रेपलाञ्चोकको रोशी, तेमाल र बेथानचोक गाउँपालिका तथा पनौती र नमोबुद्ध नगरपालिकालाई एक-एक करोड रूपैयाँ दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ। यसैगरी ललितपुर जिल्लाको अति प्रभावित महांकाल, कोञ्ज्योसोम, बागमती गाउँपालिका र गोदावरी नगरपालिकालाई पनि एक-एक करोड रूपैयाँ दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

त्यसैगरी ७५ लाख रूपैयाँ प्राप्त गर्ने प्रभावित गाउँपालिकामा पाँचथरको फिदिम, धादिङको धुनीबेसी नगरपालिका, काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका, भुम्लु, चौंरी देउराली, खानीखोला र महाभारत गाउँपालिका छन्। सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका, सिन्धुलीको गोलञ्जोर र सुनकोशी गाउँपालिका, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका र उदयपुरको बेलका नगरपालिकालाई पनि ७५ लाख रूपैयाँ दिइने भएको छ।

(क्रमशः पृष्ठ २ मा)

# रवि पक्राउपछि अन्योलमा रास्वपा



यो देशमा सरकार मरिसक्यो, न्यायालय मरेको छैन। न्यायालयले रवि लामिछाने होइन, एउटा अभियानलाई बचाउने छ।

■ **डोलप्रसाद अर्याल**
उपसभापति, रास्वपा



रास्वपा कुनै बलिदानीपूर्ण राजनीतिक संघर्ष र लडाइँबाट स्थापित दल होइन। यो त केवल पुराना राजनीतिक दलहरु कुशासनमा रमाउँदा विष्फोट भएको जनआक्रोशलाई रविले चातुर्यतापूर्वक राजनीतिक शक्तिमा परिणत गरेर बनेको दल हो। त्यसैले पुराना दलविरोधी जनमत रास्वपामै कायम हुन्छ कि हुँदैन ? भन्ने प्रश्न उठेको छ।

■ **कृष्ण पोखरेल**
राजनीतिशास्त्री




■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा पक्राउ परेर कास्की प्रहरीको हिरासतमा पुगेपछि उक्त पार्टीको भविष्यबारे चर्चा र चासो बढेको छ। रास्वपाको नेतृत्वमात्रै नभएर लामिछाने गत निर्वाचनको सेरोफेरोदेखि चलेको स्वतन्त्र अभियानकै मूल अगुवासमेत हुन्। यस आधारमा उनको पक्राउ र उनीविरुद्ध लागेको अभियोगमा यदि अदालतबाट दोषी ठहरिए जेल पुग्ने सम्भावित परिदृश्यबीच रास्वपाको भविष्यबारे चिन्ता प्रकट भइरहेको हो।

लामिछाने स्वयंले शुक्रबार पक्राउ पर्नुअघि लेखेको एउटा स्टाटस पार्टीको भविष्यबारे चिन्तामिश्रित छ। त्यहाँ उनले भनेका छन्, 'नयाँ पुस्तालाई एक-एक गर्दै सक्काउँदै जाने तिमीहरूको कुनियतले तिमीहरूलाई चाँडै रसातलमा पुऱ्याएको यो देशले चाँडै देख्ने छ।' आफू पक्राउ परेको विषयलाई उनले आफ्नो राजनीतिक जीवन सकाउने कांग्रेस-एमालेको चालबाजीसँग जोडेर अर्थ्याएका छन्।

उनको पक्राउपछि शनिबार रास्वपाका नेता कार्यकर्ताहरूले काठमाडौं र पोखरामा 'प्रतिरोध प्रदर्शन' गरेका थिए। त्यस क्रममा उपसभापति डोलप्रसाद (डिपी) अर्यालले पार्टी सभापति रविलाई थुन्न पाए रास्वपा सकाइन्थ्यो भन्ने मनसाय कांग्रेस-एमालेले राखेको टिप्पणी गरे। रविको नेतृत्वमा रास्वपाले थालेको अभियानलाई रोक्न रविमाथि अप्रत्यासित ढंगले पक्राउ गरिएको पनि बताए। संसदीय छानबिन समितिले सहकारीमा कुनै संलग्नता नदेखिए पनि आगामी चुनावमा आफूहरू सकिने डरको कारणले तर्सिएर दुईतिहाइ सरकारको दम्भ देखाएको बताए।

तैपनि उनले न्यायालयले रवि र उनको नेतृत्वमा रास्वपाले गरिरहेको स्वतन्त्र आन्दोलनलाई बचाउने आशा प्रकट गरे। 'यो देशमा सरकार मरिसक्यो, न्यायालय मरेको छैन। न्यायालयले रवि लामिछाने होइन, एउटा अभियानलाई बचाउने छ,' कास्कीको पोखरामा शनिबार अर्यालले भने।

रास्वपाका अर्का उपसभापति डा. स्वर्णिम वाग्ले, कार्यवाहक प्रवक्ता मनिष झालगायत नेताहरूले समेत लामिछानेको पक्राउलाई पार्टी आन्दोलनमाथिको प्रहारको रूपमा टिप्पणी गरे। यद्यपि, रास्वपा अभियानको रूपमा स्थापित भएकाले कमजोर नहुने दाबी गरे।

उसो त २०७९ मा भएको आमनिर्वाचनबाट रास्वपाले जुन दलीय हैसियत ग्रहण गऱ्यो, त्यो लामिछानेको तात्कालिक लोकप्रिय छविबाट सम्भव भएको राजनीतिशास्त्री कृष्ण पोखरेल बताउँछन्। उनका अनुसार कुनै व्यवस्थित संगठन, नीति, कार्यक्रम र सैद्धान्तिक प्रस्टताविना रास्वपा दलकै नाममा उक्त जनमत प्रकट भएको होइन।

'सञ्चारकर्मीका रूपमा रविको जुन लोकप्रिय व्यक्तित्व निर्माण भएको थियो, त्यसले जनमत तान्यो र अन्ततः रास्वपा संसद्मा २१ सिटे दल भयो,' उनले प्रभावसँग भने, 'रास्वपा नामको दल वा उक्त दलको चुनाव चिह्न घण्टीमा खसेको त्यो मत थिएन।'

राजनीतिशास्त्री पोखरेलका अनुसार रविको नेतृत्वमा पुराना दलहरूविरोधी जनमत संगठित भएकोले उनको पक्राउसँगै रास्वपाको भविष्यबारे स्वाभाविकरूपमा चिन्ता प्रकट भएको हो। 'रास्वपा कुनै बलिदानीपूर्ण राजनीतिक संघर्ष र लडाइँबाट स्थापित दल होइन। यो त केवल पुराना राजनीतिक दलहरू कुशासनमा रमाउँदा विष्फोट भएको जनआक्रोशलाई रविले चातुर्यतापूर्वक राजनीतिक शक्तिमा परिणत गरेर बनेको दल हो।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

श्रममन्त्री भण्डारीको १०० दिन

# औपचारिकतामा सीमित 'प्रगति' विवरण

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मन्त्रालयको कार्यभार सम्हालेको १०० दिन पुगेको अवसरमा कार्य सम्पादन तथा अपेक्षित उपलब्धिको समीक्षा विवरण सार्वजनिक गरेका छन्। गत असार ३१ गते श्रममन्त्रीमा नियुक्त भएका भण्डारीले उक्त अवधिमा गरेका कार्यसम्पादन र अगामी योजना समेटेर सय दिनको प्रगति विवरण सार्वजनिक गरेका हुन्।

कुनै पनि मन्त्रालय सम्हालेको सय दिनलाई मन्त्रीहरूले महत्त्व दिँदै आगामी कार्यकालको दिशानिर्देश हुनेगरी प्रगति विवरण सार्वजनिक गर्ने चलन छ। यसलाई मन्त्रीहरूको 'हनिमुन पिरियड' पनि भन्ने गरिन्छ। सत्तामा लामो अनुभव भएका मन्त्री भण्डारीले हनिमुन अवधिमा वैदेशिक रोजगार क्षेत्रमा देखिनेगरी ठोस काम गर्न नसकेको पाइएको छ। जसकारण उनको प्रगति विवरण औपचारिकतामा सीमित देखिएको छ। यद्यपि, श्रम तथा वैदेशिक रोजगारीका क्षेत्रमा केही कार्य सम्पन्न गरेको र केही कार्य प्रक्रियामा नै रहेको उनले उल्लेख गरेका छन्।

मन्त्री भण्डारीले कार्यस्थलमा आधारित सुरक्षा बिमाको काम सम्पन्न गरेको जनाएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका आयोजनामा खटिने श्रमिक र रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारी गरी ६५ हजारको सामूहिक सुरक्षा बिमा गरी सामाजिक सुरक्षाको प्रत्याभूति गराएको उल्लेख गरेका छन्। जसमध्ये ६२ हजार २५९ जनाको सामूहिक सुरक्षा बिमा भएको बताइएको छ।

त्यस्तै, वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्शका लागि थप ३३ जिल्लामा आप्रवासी स्रोत केन्द्रको स्थापना गर्ने कार्य अघि बढेको जनाइएको छ। हाल ४४ जिल्लामा सञ्चालित आप्रवासी स्रोत केन्द्र विस्तार भई ७७ वटै जिल्लामा स्थापना गरी सेवा प्रवाह गर्ने लक्ष्य लिइएको उनले बताएका छन्। आप्रवासी स्रोत केन्द्र स्थापनाका लागि ३३ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको छ। यसबाट जिल्लास्तरबाट नै वैदेशिक रोजगारसम्बन्धी सूचना र परामर्श प्रदान हुने मन्त्रालयले जनाएको छ।

मन्त्री भण्डारीले आफ्नो कार्यकालको पहिलो सय दिनमा मधेस प्रदेशमा निर्माण हुने व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको तालिम केन्द्र निर्माण कार्यलाई प्राथमिकतामा राखेर जग्गा प्राप्ति गर्ने प्रक्रिया अघि बढेको उल्लेख गरेका छन्। त्यस्तै, सामाजिक सुरक्षा कोषमा रोजगारदाता र योगदानकर्ताहरूको थप सूचीकरण गर्ने कार्यलाई पनि मन्त्री भण्डारीले सय दिने कार्यकालको उपलब्धिभित्र राखेका छन्। यस अवधिमा ३०० रोजगारदाता थप सूचीकरण गर्ने अपेक्षा गरे पनि त्यो संख्या बढेको छ। जसमा ४६६ रोजगारदाता थपिएर हालसम्म १९ हजार ६७६ रोजगारदाता कोषमा सूचीकृत भएका छन्। त्यस्तै एक लाख ५० हजार योगदानकर्ता थप गर्ने लक्ष्य लिएकोमा एक लाख ९८ हजार ५६३ जना सूचीकरण भएका छन्। हाल सूचीकरण हुने योगदानकर्ताको संख्या १६ लाख ९० हजार १०३ पुगेको प्रगति विवरणमा समेटिएको छ।

यस्तै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र क्षेत्रीय विमानस्थल पोखराबाटै श्रम स्वीकृति प्रदान गर्ने कार्य अघि बढाइएकोमा सबै सरोकारवालाहरूसँग छलफल गरी प्रतिबद्धता प्राप्त भई सेवा प्रवाह गर्न तयारी पूरा गरिएको उल्लेख छ। मन्त्री भण्डारीले आफ्नो सय दिने कार्यावधिको उपलब्धिमा तीन देशसँग द्विपक्षीय श्रम सम्झौता तथा नवीकरण गर्ने तयारीलाई समेत राखेका छन्। जसमा दक्षिण कोरिया (इपिएस) र मलेसियासँगका द्विपक्षीय श्रम सम्झौताको नवीकरण र ओमानसँग द्विपक्षीय श्रम सम्झौताको प्रक्रिया अगाडि बढाइएको मन्त्री भण्डारीले जनाएका छन्।

कोरियासँग इपिएस नवीकरणका लागि रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरेर कार्यदलले काम गरिरहेको जनाइएको छ। एचआरडी कोरियासहितको सहभागितामा संयुक्त बैठक भई अन्तिम रूप दिन बाँकी रहेको बताइएको छ।


(क्रमशः पृष्ठ २ मा)


**जनहितमा जारी सन्देश**




सुरक्षित रहौं
**रोकथाम गरौं**
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।



**डेंगीबाट बच्ने उपायहरू**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।





आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।




दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# नेपाल र चीनबीच भएका समभ्कदारी कार्यान्वयनमा जोड



**काठमाडौं (प्रस)**– नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आधुनिक चीनको विकासबाट नेपालले धेरै सिक्न चाहेको बताएका छन् । नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डलसँग शनिबार आफ्नो निवास खुमलटारमा भएको भेटवार्तामा उनले चीनले गरेको विकास नेपालका लागि ठूलो सिकाइ भएको बताए ।

अध्यक्ष दाहालले नेपालको विकास प्राथमिकतामा चीनले गर्दै आएको सहयोगका लागि चीन सरकार, चिनियाँ कम्युनिस्ट पार्टी र महासचिव सी चिङफिङलाई धन्यवाद ज्ञापन गरे । उनले सन् २०१९ मा चीनबाट भएको उच्चस्तरीय भ्रमणका क्रममा भएका समभ्कदारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

पूर्वप्रधानमन्त्री दाहालले सीमा नाका प्रभावकारीरूपमा सञ्चालन, रेलमार्ग निर्माण प्रक्रिया अघि बढाउने, हवाई सेवा प्रभावकारी बनाउनेलगायत शिक्षा, स्वास्थ्यका विभिन्न क्षेत्रमा चीन सरकारको सहयोग नेपालले चाहेको बताए ।

चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व गरेर यहाँ आएका चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं छिङहाई प्रान्तका सेक्रेटरी छेन् गांगले दुई देशबीचको मित्रता थप विस्तार गर्नुपर्नेमा जोड दिए । पहिलोपटक नेपाल भ्रमणमा आएका उनले चीनले अन्य मुलुकसँग सहअस्तित्वमा आधारित सम्बन्ध विकास गर्दै आएकाले सोहीअनुसार सरकार र पार्टीहरूबीचको सम्बन्धलाई महत्त्व दिने गरेको उल्लेख गरे ।

## पृष्ठ १ बाट क्रमशः

### रवि पक्राउपछि ...

त्यसैले पुराना दलविरोधी जनमत रास्वपामै कायम हुन्छ कि हुँदैन ? प्रश्न यो उठेको छ,' उनले भने ।

सभापति लामिछानेको पक्राउपछि रास्वपाको कार्यवाहक नेतृत्व कसले लिन्छ ? टुंगो भएको छैन । यसअघि नागरिकतासम्बन्धी प्रकरणमा सर्वोच्च अदालतबाट दोषी ठहरिएर पार्टी सभापति पदसँगै सांसद तथा मन्त्री पद लामिछानेले गुमाउँदा पार्टी नेतृत्व उपसभापति अर्याल नै कार्यवाहक सभापति भएका थिए । त्यसबेला उनी रास्वपाको एक्ला उपभापति थिए । हाल डा. वाग्ले पनि छन् । यस्तो अवस्थामा रास्वपामा नेतृत्वविहीनताको स्थिति कायम रहन्छ कि दुईमध्ये एक उपसभापतिलाई कार्यवाहक सभापति तोकेर अघि बढ्छ ? रास्वपामा अन्योलता देखिएको छ ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले पार्टी नेतृत्वबारे केही नसोचिएको बताउँछन् । 'अदालती प्रक्रियामा गएपछि हाम्रो नेतृत्वमा केही रिक्तता अथवा केही त्यस्तो हुने भयो भने पार्टीले निर्णय गर्ला । तर, अहिले हामीले त्यसबारे केही सोचिसकेका छैनौं,' उनले प्रभावसँग भने ।

उपसभापतिमध्येका डा. वाग्ले रास्वपा संसद्मा चौथो पार्टी बनिसकेपछि पार्टी प्रवेश गरी उपसभापति बनेका हुन् । अर्याल भने रास्वपा स्थापनाकालदेखिका उपसभापति हुन् । पार्टीमा लामिछानेका विश्वासपात्र र संस्थापक उपसभापति भएकाले अर्याल नै लामिछानेको अनुपस्थितिमा कार्यवाहक सभापति हुने सम्भावना रहेको एक नेताले बताए ।

तर, अर्यालको हकमा पार्टी विधान प्रतिकूल छ । वाग्लेको हकमा अनुकूल छ । किनभने रास्वपाको विधानअनुसार ज्येष्ठ उपसभापति नै कार्यवाहक सभापति बन्न पाउँछ । वाग्ले र अर्याल दुवै ५० वर्षका भए । तर, केही महिनाले अर्यालभन्दा वाग्ले ज्येष्ठ रहेका छन् । नागरिकताअनुसार अर्याल २०३१ भदौ ६ मा जन्मिएका हुन् भने वाग्ले २०३१ जेठ १६ मा जन्मिएका हुन् ।

सभापति लामिछाने सहकारी ठगी र संगठित अपराधलगायत मुद्दामा पुर्पक्षका लागि थुनामा गए पार्टी नेतृत्वविहीनताको स्थिति आउने छ । यस्तो अवस्थामा अर्याल र वाग्लेमध्ये जसले पार्टी नेतृत्वको अवसर पाए पनि पार्टी कमजोर बन्दै जाने कतिपयको टिप्पणी छ ।

●●●

### तीन वर्गमा...

सामान्य प्रभावित पालिकामा इलामको सन्दकपुर गाउँपालिका, ओखलढुंगाको चम्पादेवी, सुनकोशी र मानेभञ्ज्याङ गाउँपालिका, खोटाङको हलेसी तुवाचुङ नगरपालिका र खोटेहाङ, जन्तेढुंगा गाउँपालिका, काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका, चितवनको इच्छाकामना गाउँपालिका, माडी नगरपालिका, भरतपुर महानगरपालिका, दोलखाको बिगु र शैलुङ गाउँपालिकाले पनि ५० लाख रूपैयाँ राहत पाउने भएका छन् । यसैगरी दोलखाको गौरीशंकर, धादिङको बेनीघाट रोराङ, बेत्रावती डोब्जाङ, गजुरी र खनियाबास गाउँपालिकाले पनि ५० लाख रूपैयाँ राहत पाउने निर्णय भएको छ ।

यसैगरी पाँचथरको फाल्गुनन्द र फालेलुङ गाउँपालिका, मकवानपुरको भीमफेदी र बकैया गाउँपालिका, महोत्तरीको बर्दिवास र गौशाला नगरपालिका, रामेछापको रामेछाप नगरपालिका, दोरम्बा शैलुङ, खाँडादेवी, गोकुलगंगा, उमाकुण्ड, लिखु तामाकोशी, सुनापाथी गाउँपालिका र मन्थली नगरपालिकाले पनि ५० लाख रूपैयाँ राहत पाउने भएका छन् ।

रौतहटको राजपुर र गढीमाइ नगरपालिका, दुर्गाभगवती गाउँपालिका, परोरा नगरपालिका, राजदेवी नगरपालिकालाई पनि ५० लाख रूपैयाँ राहत दिने निर्णय भएको छ । सप्तरीको बलान केबुल गाउँपालिका, बलरा नगरपालिका, सर्लाहीको बागमती नगरपालिका, सिन्धुपाल्चोकको जुगल र बलेफी गाउँपालिका, बाह्रबिसे नगरपालिका, पाँचपोखरी थाङ्पाल गाउँपालिकाले पनि ५० लाख रूपैयाँ राहत पाउने मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ ।

सिन्धुलीको फिक्कल र हरिहरपुरगढी गाउँपालिका, सिराहाको लाहान नगरपालिका र सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका, सोलु दुधकुण्ड नगरपालिका, माप्य दुधकोशी गाउँपालिकालाई ५० लाख रूपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय भएको सञ्चारमन्त्री गुरुङले जानकारी दिए ।

●●●

### औपचारिकतामा सीमित...

यस्तै, नेपालको तर्फबाट मलेसियासँगको श्रम सम्झौतालाई अन्तिम रूप दिई परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारसमक्ष पठाइएको र जवाफ प्राप्त हुन बाँकी रहेको उल्लेख छ । त्यस्तै ओमानसँगको द्विपक्षीय श्रम सम्झौताका लागि नेपालमा उच्चस्तरीय छलफल भई प्रारम्भिक सहमति भई ओमान पठाइएको र ओमान सरकारको तर्फबाट कानुनी प्रक्रिया पूरा गरी नेपालले पाएपछि नेपाल सरकार मन्त्रिपरिषद् पठाउनेगरी अन्तिम तयारी भइरहेको बताइएको छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई विनाधितो कर्जा (ऋण) उपलब्ध गराउने योजनालाई मूर्तरूप दिन कार्यविधिको अन्तिम मस्यौदा तयार भएको र स्वीकृतिको चरणमा रहेको विषयलाई मन्त्री भण्डारीले सय दिने कार्यसम्पादन तथा उपलब्धि मानेका छन् ।

# ट्राफिक जरिवाना अब नागरिक एपबाटै

**काठमाडौं (प्रस)**– ट्राफिक नियम उल्लंघन गरेबापत सवारी चालकले ठाउँकाठाउँ नागरिक एपमार्फत जरिवाना तिर्नसक्ने व्यवस्था गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबारदेखि सवारी नियम उल्लंघन गर्ने चालकलाई 'ई-चलान' (डिजिटल चिट) दिने र तत्कालै नागरिक एपमार्फत जरिवाना तिर्नसक्ने प्रणाली कार्यान्वयनमा ल्याउन लागेको प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले जानकारी दिए ।

सवारी नियम उल्लंघनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था गरिएसँगै सवारी नियम उल्लंघनमा जरिवाना तिर्दा हुँदै आएको झन्झट अब अन्त्य हुने विश्वास गरिएको छ । सवारी चालक अनुमतिका लागि 'ट्रायल' पास गरेपछि लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ । यसबाट सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ ।

प्रहरी नायब महानिरीक्षक बोहराका अनुसार पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा ल्याइने छ । डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ । यो व्यवस्था कार्यान्वयनमा आएसँगै अब सवारी चालकले चालक अनुमतिपत्र बोक्नु नपर्ने र ट्राफिक प्रहरीलाई नागरिक एपमार्फत चालक अनुमतिपत्र देखाउन सक्ने छन् । नागरिक एपमा चालक अनुमतिपत्र रहेको क्युआर कोड देखाउने व्यवस्था गरिएको छ ।

ट्राफिक प्रहरीले 'इचलान डिजिटल' एपमार्फत सडक नियम उल्लंघन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्ने छन् । लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लंघन कोलममा कसुर र जरिवाना रकमसहितको 'डिजिटल चिट'को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ । यसबाट सवारी चालकले तत्कालै 'डिजिटल वालेट'मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्ने छन् ।


## Shuklaphanta Municipality
### Jhalaari, Kanchanpur
### Sudurpaschim Pradesh
### Office of Municipal Executive

## Invitation for Re-Bids

**Second Date of Publication:2081/07/04 (2024/10/20)**

| Contract ID | Project Description | Estimated Amount (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/081-82/ NCB/IR/07 | Collection of Internal Revenue from Extraction of Construction Materials from Gaudi Khola ward no 8 in Shuklaphanta Municipality | 10156307.24 | 507815.36 | 2081/07/20(2024-Nov-05) 12:00 PM | 2081/07/20(2024-Nov-05) 1:00 PM |
| SMP/081-82/ NCB/IR/08 | Collection of Internal Revenue from Extraction of Construction Materials from Anaukhi khola ward no 8 in Shuklaphanta Municipality | 6586388.76 | 329319.44 | 2081/07/20(2024-Nov-05) 12:00 PM | 2081/07/20(2024-Nov-05) 1:00 PM |
| **Cost of bidding document: Rs.3000 should be deposited at:** | | | | | |
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>✓ Office Account No.: 05910106200002<br>✓ Revenue Code:14529 | | | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>✓ Office Account No.: 05910106200016 | | |

### Tikapur Municipality
## Office of The Municipal Executive
### Tikapur, Kailali
### Sudurpashchim Province, Nepal

## Invitation for Bid

**First Date of Publication: - 20th Oct 2024**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (With-out VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/NCB/20/ ROAD/ 2081/082 | Construction of Bituminous Road (From Infront of Mohan Bahadur Rawal Home road to Sitapur Bhim Bahadur Thakulla Home towards Janajagriti Secondary School Gate Black top), Tikapur Municipality Ward no-2, Kailali | 7,658,765.62 | 2,30,000.00 | 3000.00 |
| 2. | TMO/NCB/21/ ROAD/ 2081/082 | Construction of Bituminous Road (From Gopal Home to Shiva Mandir towards Baburam Chaudhary Home and Garva Home to Seti Maya School, Rohanibojhi and Sarparaj Home to Dahit sir Home Black Top ), Tikapur Municipality Ward no-09, Kailali | 7,642,161.58 | 2,30,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp**.
3. Interested bidders should submit only E-bid till **19th Nov 2024** before 12:00 hrs. through **PPMO e-GP System www.bolpatra.gov.np/ egp**. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):- **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch**.
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali**
**Office Account No.: - 10703000001001000001**
**Revenue Heading No: - 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank: -
**Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali**.
**Office Account No.: - 10703000003000000001**
**Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali at **13: 00 hrs. on 10th Nov 2024**.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 19th Nov 2024** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**



## युएईमा रोजगार
कम्पनी : ELEGANTO BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311663 चलानी नं. ६०२२६१४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Con.-Mechanic | 2 | 0 | 1400 | ५१,२०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electricians - GCC Exp. | 3 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 3 | Marketing Specialist | 1 | 0 | 2500 | ९१,४३० | | | | | | | |
| 4 | Plumber Gulf Return | 3 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 5 | Sales Repvesentative | 1 | 0 | 2500 | ९१,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ११ गते (27th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

# खुर्कोटको पुल निर्माणमा तीव्रता, पाँच दिनभित्र सवारी चल्ने



**मन्थली (रामेछाप)–** रामेछाप र सिन्धुली जोड्ने प्रमुख नाकाका रूपमा रहेको खुर्कोटको पुल निर्माणलाई नेपाली सेनाले तीव्रता दिएको छ । सेनाले बेलिब्रिजको काम तीव्र रूपमा गरेसँगै रामेछापतर्फको भाग भने बुधबार साँझ नै जोडिएको थियो ।

यही असोज १०, ११ र १२ गते परेको अविरल वर्षाका कारण सुनकोशी नदीमा आएको बढीले खुर्कोटको झोलुंगे पुल र पक्की आधा पुल (रामेछापतर्फको) बगाउँदा रामेछाप र दोलखाको सिन्धुली र तराईका विभिन्न जिल्ला एवं काठमाडौंसम्मको छोटो दूरीको सडकमार्गको सञ्जाल टुटेको थियो ।

अब केही दिनमा नै यातायात सञ्चलन गर्न मिल्नेगरी तीव्र गतिमा काम भइरहेको र सोका लागि आवश्यक कच्चापदार्थ र अन्य व्यवस्थापनका कामका लागि संघीय ऊर्जा, जलस्रोत तथा सिँचाइराज्यमन्त्री पूर्णबहादुर तामाङले विशेष पहल गरिरहेको रामेछाप नगरपालिकाका प्रवक्ता एवं सुकाजोरका वडाध्यक्ष समीर कार्कीले बताए ।

उक्त पुलको भाग रामेछापतर्फ जोडिएको र त्यसको थप काम सकेर परीक्षण गरी सवारी अवागमन गर्न तीनदेखि पाँच दिनसम्म लाग्ने नेपाली सेनाले जानकारी दिएको छ । हाल पुलको पाता बिछ्याउने र लेवल मिलाउनेलगायत अन्य काम भइरहेको छ ।

पुल निर्माण सम्पन्न भए पनि पुल वारी मन्थलीतर्फको करिब २०० मिटर सडक थप मर्मत नहुँदासम्म निर्वाध रूपमा दुईतर्फी सवारी आवागमन गर्नसक्ने अवस्था छैन । एकतर्फी रूपमा भने सावधानीपूर्वक सञ्चालन गर्न सकिने स्थानीय पशुपति न्यौपानेले बताए ।

खुर्कोटको पुल बगाएपछि रामेछाप र दोलखावासीलाई तराईका विभिन्न भागमा आवतजावत गर्नका र खाद्यान्न ढुवानी गर्नका लागि रामेछापको खाँडादेवी गाउँपालिका र सिन्धुलीको सुनकोशी गाउँपालिका जोड्ने सित्खाको पुलमार्फत वैकल्पिक सडकमार्ग प्रयोग गरी आवतजावत गर्ने व्यवस्था मिलाइएको भए पनि उक्त बाटोमार्फत ल्याइएका खाद्यान्न सामग्री महँगिएको थियो ।

यसअघि बिपी राजमार्ग सञ्चालन हुनुपूर्व रामेछापको सदरमुकाम मन्थलीलगायत आसपासका क्षेत्रबाट मानिसले काठमाडौं आवतजावत गर्न मन्थलीबाट चरिकोट-मुडे हुँदै धुलिखेलको वैकल्पिक बाटो प्रयोग गर्दै आइरहेका थिए । नेपाली सेनाका अनुसार अबको तीनदेखि पाँच दिनभित्र पुलबाट सवारी अवागमन गराउन सकिने छ । *रासस*

# लामखुट्टेविरुद्धको विषादीबारे अनुसन्धान

**कञ्चनपुर–** औलो सार्ने लामखुट्टेविरुद्ध प्रयोग हुँदै आएको कीटनाशक विषादीको प्रभावकारिताबारे सुदूरपश्चिम प्रदेशका दुई जिल्लामा अध्ययन-अनुसन्धानको कार्य सुरु गरिएको छ ।

स्वास्थ्य निर्देशनालय राजपुर डोटीको कीट अनुसन्धान प्रयोगशालाले कैलाली र कञ्चनपुरमा अनुसन्धान सुरु गरेको हो। डेल्टामेथ्रिन, अल्फासाइपरमेथ्रिन र लैम्बडासायहेलोथ्रिन नामक तीनवटा विषादी लामखुट्टेविरुद्ध विगत २५ वर्षदेखि प्रयोग हुँदै आएको छ । तीनवटै विषादीको प्रभावकारिताबारे अध्ययन भइरहेको स्वास्थ्य निर्देशनालय राजपुरका कीटजन्य अधिकृत हेमराज जोशीले बताए ।

'माउथ एस्पिरेटरको माध्यबाट औलो प्रभावित क्षेत्रबाट लामखुट्टे संकलनको कार्य गरिरहेका छौं,' उनले भने, 'संकलन गरिएका लामखुट्टेलाई ल्याबमा लगेर परीक्षण हुन्छ, एकपटकमा १५० लामखुट्टेमा अध्ययनको कार्य हुन्छ, यो प्रक्रियामा २६ घण्टा लगाएर ल्याब परीक्षणको कार्य पूरा हुन्छ ।'

अध्ययनका क्रममा १०० लामखुट्टेलाई विषादीसँग सम्पर्क गराउने र ५० लामखुट्टेलाई विनाविषादी जस्ताको तस्तै टचुबमा राखेर अध्ययन गरिने उनको भनाइ छ । विषादीसँग सम्पर्क गराएका र नगराएका लामखुट्टेको मृत्युदरको विश्लेषण गरी विषादीले काम गरे/नगरेको निर्क्योल गरिने अधिकृत जोशीले बताए ।

उनका अनुसार पहिलो चरणमा कञ्चनपुरका भीमदत्त नगरपालिका-९ बाट अध्ययन सुरु गरिएको छ । एनोफिलिस फच्युवियाटिलिस नामक लामखुट्टेलाई डेल्टामेथ्रिन विषादीसँग सम्पर्क गरी अध्ययन अनुसन्धानको कार्य गरिएको छ । दोस्रो चरणमा कैलालीका मलेरिया प्रभावित क्षेत्रमा अध्ययनको कार्य गरिने भएको छ ।

भारतमा नौ प्रजातिका लामखुट्टेले औलो सार्ने भए पनि नेपालमा गरिएको अध्ययनमा एनोफिलिस फच्युवियाटिलिस, एनोफिलिस म्याकुलाटस कम्पलेक्स र एनोफिलिस एन्युलरिस नामक तीन प्रजातिका लामखुट्टेले औलो सार्ने गरेको पाइएको छ । लामखुट्टेको टोकाइबाट हुने औलो रोगबाट कैलाली र कञ्चनपुर उच्च जोखिममा छन् ।

आर्थिक वर्ष २०८०/८१ को साउनदेखि असार मसान्तसम्म औलोका बिरामीको संख्या सुदूरपश्चिम प्रदेशमा २४७ रहेकामा आयातीत बिरामीको संख्या २२९ रहेको थियो । *रासस*

# सभामुख घिमिरेलाई सांसद लामिछाने पक्राउको जानकारी



**काठमाडौं (प्रस)–** सभामुख देवराज घिमिरेलाई प्रतिनिधिसभा सदस्य रवि लामिछाने पक्राउ परेको जानकारी गराइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुखलाई त्यससम्बन्धी जानकारी लेखी पठाएको संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा शनिबार जारी सूचनामा उल्लेख छ ।

चितवन निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित लामिछानेलाई कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसुरको अनुसन्धानका क्रममा पक्राउ गरिएको सूचनामा जनाइएको छ । नेपालको संविधानको धारा १०३ को उपधारा ६ मा 'संघीय संसद्को कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ' भनी उल्लेख छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछानेलाई कास्कीको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा अनुसन्धानका लागि शुक्रबार काठमाडौंबाट पक्राउ गरेको थियो । सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गितेन्द्रबाबु (जिबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा
मधेश प्रदेश, जनकपुरधाम

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना**

प्रकाशन मिति: २०८१/०७/०४

मिति २०८१।०५।३० मा अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्रहरू न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरू स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/15-2081/82 | Construction of RCC Frame School Building of Shree Janta Adharbhut School at Chakraghatta-6, Sarlahi. | Santosh & Avishekh Construction, Sarlahi | 49,14,531.50 |
| 2 | FPIU/Dhanusha /Works/NCB/16-2081/82 | Construction of RCC Frame School Building of Shree Janta Adharbhut School at Kabilashi-3, Sarlahi. | Santosh & Avishekh Construction, Sarlahi | 49,26,230.00 |
| 3 | FPIU/Dhanusha /Works/NCB/17-2081/82 | Construction of RCC Frame School Building of Shree Nepal Rastriya Janta Secondary School at Ishworpur-12, Sarlahi | Dip Nirman Sewa Malangwa-6, Sarlahi | 50,66,518.5 |
| 4 | FPIU/Dhanusha /Works/NCB/18-2081/82 | Construction of RCC Frame School Building of Shree Prathamik School at Chakraghatta-8, Sarlahi | Santosh & Avishekh Construction, Sarlahi | 49,19,105.5 |
| 5 | FPIU/Dhanusha /Works/NCB/19-2081/82 | Construction of RCC Frame School Building of Shree Ram Awatar Janata Madhyamik School at Harion-2, Sarlahi. | Sabnam Construction, Rauthat | 53,43,222.5 |
| 6 | FPIU/Dhanusha /Works/NCB/20-2081/82 | Construction of Multipurpose Community Building at Lower Satbhaiya, Lalbandi15, Sarlah | Riya Construction and Suppliers, Ishworpur-12, Sarlahi | 55,38,018.5 |
| 7 | FPIU/Dhanusha /Works/NCB/21-2081/82 | Construction of RCC Frame School Building of Chure Chandni Chowk Deurali Secondary School at Mithila-11, Dhanusha | Lovely Construction, Janakpurdham-16, Dhanusha | 49,42,507.02 |
| 8 | FPIU/Dhanusha /Works/NCB/22-2081/82 | Construction of One-storey RCC Frame Structure School Building of Shree Saraswati Secondary School, Katarait, Janakpurdham-17, Dhanusha | Mayansh Construction Pvt. Ltd, Benga, Janakpurdham -19, Dhanusha | 49,59,202.38 |
| 9 | FPIU/Dhanusha /Works/NCB/23-2081/82 | Construction of Idgaha at Samsi-6,Mahottari. | Samir Nepal Construction and Suppliers Pvt.Ltd. Samsi-6, Mahottari | 47,14,728.5 |
| 10 | FPIU/Dhanusha /Works/NCB/24-2081/82 | Construction of Multipurpose Building and Public Toilet at Bajrahi, Jaleshwor-8, Mahottari | Alam Builders, Jaleshwor-11 Mahottari | 55,28,739.5 |
| 11 | FPIU/Dhanusha /Works/NCB/25-2081/82 | Road Improvement works at Samsi-2, Mahottari | Mayansh Construction Pvt. Ltd, Benga, Janakpurdham - 19, Dhanusha | 47,35,020.00 |
| 12 | FPIU/Dhanusha /Works/NCB/12-2081/82 | Upgradation of Phulgama Hanspati Road, Nagrain Municipality-4, Dhanusha | Shawan Builders, Janakpur 15 | 51,06,830.98 |

आयोजना प्रमुख



**Kalika Municipality**
**Office of Municipal Executive**
**Redcrossgram, Chitwan**
**Bagmati Province**

**INVITATION FOR BIDS**

**First date of publication: - 2081-07-04 (20th October, 2024)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed bids from eligible bidders for construction of following works mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 13/Works/ NCB/KM/ 081/082 | Different Culvert extension at different ward of Kalika Municipality | 120 days from the day of bid opening (must ve valid Up to 2081-12-07 (20th March, 2025)). | **30, 35,771.19** | 70,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Sealed Bids Submission Date: Before 12 PM on 2081-08-05 (20th November, 2024).**
**Sealed Bids Opening Date: At 13:00 PM on 2081-08-05 (20th November, 2024).**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उपलब्धिविहीन 'हनिमुन पिरियड'

नयाँ सरकार गठनपछिको १०० दिनलाई 'हनिमुन पिरियड'को मानिन्छ, जुन अवधिमा सरकारले गरेका कामलाई महत्त्वका साथ हेर्ने गरिन्छ । सो अवधिमा गरेको कामले नै सरकारको कार्यशैली प्रस्ट पार्दछ । साँच्चै मुलुकका लागि उपलब्धिमूलक काम गर्ने सरकारले उक्त अवधिमै प्रस्ट संकेत देखाउने गर्छ । सय दिनमा पनि आशा जगाउनेगरी काम गर्न नसके त्यो सरकारबाट थप आशा राख्ने अवस्था नहुने विज्ञहरूको भनाइ छ ।

यहीबीच केपी शर्मा ओली नेतृत्वमा वर्तमान सरकार गठन भएको १०० दिन पूरा भइसकेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढालेर एमाले-कांग्रेस गठबन्धनको सरकार बनेको हो, जसको नेतृत्व एमाले अध्यक्ष ओलीले गरिरहेका छन् । संघीय संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित केही साना दलको साथ पाएका ओलीसँग संसद्मा दुईतिहाइभन्दा बढीको बहुमत छ । तर, दुईतिहाइभन्दा बढी बहुमतको यो सरकारले हनिमुन अवधि पार गर्दा आशा जगाउने ठोस काम नै देखाउन सकेको छैन ।

त्यसो त संसद्को पहिलो र दोस्रो ठूलो दलबीचको समीकरण बन्नुलाई नै अस्वाभाविक मानिँदै आएको छ । माओवादीसँगको सत्ता समीकरण बदलेर आफैं प्रधानमन्त्री बनेका ओली आघिल्लो कार्यकालमा जति चर्चामा थिए अहिले त्यो स्थितिमा छैनन् । बरू विभिन्न काण्डहरूले ओलीको साख गिर्दै गइरहेको देखिन्छ । हुन त कांग्रेस-एमालेका नेताहरूले स्थिर सरकारका लागि आफूहरू मिल्नुपर्ने बाध्यता आइपरेको दाबी गर्दै आएका छन् । वर्तमान गठबन्धन गर्नुको मूल उद्देश्य संविधान संशोधन गरी निर्वाचन प्रणाली परिवर्तन गर्ने रहेको बताइन्छ । वर्तमान निर्वाचन प्रणालीले राजनीतिक स्थिरता दिन नसक्ने भन्दै समानुपातिक निर्वाचन प्रणाली हटाउने तयारीमा दुई दल देखिन्छन् । तर, माओवादी केन्द्रलगायत प्रतिपक्षी दलहरू यसको विपक्षमा छन् । यद्यपि, सत्ता गठबन्धनसँग दुईतिहाइको बहुमत भएकोले संविधान संशोधन गर्नसक्ने अवस्थामा छ । संविधान संशोधनका लागि दुईतिहाइ बहुमत चाहिन्छ । तर, समानुपातिक निर्वाचन प्रणाली हटाउँदा जनस्तरबाटसमेत विरोधको सामना गर्नुपर्ने देखिन्छ । किनभने, समानुपातिक प्रणालीकै कारण अहिले हरेक जाति, समुदाय, वर्ग र क्षेत्रबाट संसद्मा प्रतिनिधित्व भएको छ ।

वर्तमान सरकारको कमजोरी गत असोज १० देखि १२ गतेसम्म आएको अविरण वर्षाले सिर्जना गरेको विपत्तिको समयमा छरपस्ट देखियो । बाढी, पहिरो तथा डुबानमा परेकाको उद्धारमा सरकार पूर्ण असफल बन्न पुग्यो । वर्षाको पूर्वानुमान भएकै सन्दर्भमा पनि पूर्वतयारी गर्नबाट सरकार चुक्यो । यसले सरकार पूरै आलोचित बन्न पुग्यो । त्यसबाहेक पनि अन्य खास कुनै काम देखिएको छैन, जसले जनतामा आशा जगाएको होस् । प्रधानमन्त्री ओली मुलुक र जनताको हितमा भन्दा पनि आफ्नो सत्ता टिकाउने ध्याउन्नमै छन् । यद्यपि, पछिल्लो समय सत्ता गठबन्धनमै खटपट सुरु भइसकेकोले वर्तमान सरकारको आयुसमेत 'आज कि भोलि'को अवस्थामा पुगेको छ । यसले जनतामा पुनः निराशाबाहेक केही नदिने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ ।

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । क्रमशः

# नेत्रहीन क्रिकेट विश्वकपमा नेपालको सहभागिता



■ राजु सिलवाल

> शारीरिकरूपले सक्षम क्रिकेट खेलाडीहरूका लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भए पनि नेत्रहीन खेलाडीहरूका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन । चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट संघलगायतलाई गुहार्नुपर्ने अवस्था आउने गरेको छ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट संघले प्रयोग गरिरहेको छ । सोही संघले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानका लागि पनि सरकारले लगानी गरेको छ । त्यस्ता मैदान नेत्रहीनहरूलाई पनि सहजरूपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिनुपर्दछ ।

पुरुष तथा महिलाहरूको क्रिकेटमा आफ्नो बेग्लै पहिचान बनाउन सफल नेपालले नेत्रहीनहरूको क्रिकेटमा पनि सशक्त उपस्थिति जनाउँदै आइरहेको छ । आगामी मंसिर ७ गतेदेखि १८ गतेसम्म पाकिस्तानमा आयोजना हुने चौथो टि-ट्वान्टी नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपालले तयारी गरिरहेको छ ।

पुरुषहरूको उक्त विश्वकपमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलाडीहरूको अन्तिम छनोट यही कात्तिक ४ गते र ५ गते काठमाडौंमा हुने भएको छ । छनोट भएका खेलाडीहरूलाई आगामी तिहारपछि बन्द प्रशिक्षणमा राखिने जानकारी नेत्रहीन क्रिकेट संघ नेपालका अध्यक्ष पवन घिमिरेले दिएका छन् । यसअघि गत असारमा पहिलो चरणको छनोटअन्तर्गत १९ जना खेलाडीहरू छनोट गरिएको थियो । तत्कालीन माओवादी द्वन्द्वका बेला २०६० सालमा आँखाको ज्योति गुमाउन पुगेका नेपाली सेनाका प्रमुख सेनानी घिमिरेकै सक्रियतामा नेपालमा २०६३ सालमा नेत्रहीनहरूको क्रिकेटको सुरुआत भएको थियो ।

उनले नेत्रहीन क्रिकेट खेलाडी, कप्तान, प्रशिक्षक, अम्पायर तथा नेत्रहीन क्रिकेट संघ नेपालको अध्यक्षकोसमेत भूमिका निर्वाह गरेर नेत्रहीन क्रिकेटलाई स्थापित गर्न योगदान दिएका छन् । नेत्रहीन क्रिकेटका पाकिस्तानी प्रशिक्षकले काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा ३३ जना प्रशिक्षण दिएर नेपालमा नेत्रहीनको क्रिकेटको सुरुआत गरेका थिए । अहिले नेपालमा स्थानीयस्तरदेखि अन्तर्राष्ट्रिय तहसम्मकै प्रशिक्षकहरू कार्यरत रहेका छन् । यो खेल विभिन्न जिल्लामा विस्तार हुने क्रम जारी रहेको छ । विभिन्न जिल्लामा रहेका दृष्टिविहीनहरूलाई प्रोत्साहनका लागि विभिन्न तहको प्रतियोगिता आयोजना गर्ने गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गर्ने गरेको पारा तथा विशेष खेलकुदमा नेत्रहीन क्रिकेटलाई पनि प्रतियोगिताको रूपमा समावेश गर्ने गरिएको छ ।

नेत्रहीनहरूको क्रिकेटमा विश्वका विभिन्न ११ देशको सहभागिता रहेकामा नेपालको हालको स्थान छैटौं, सातौं हुनु मुलुकका लागि उपलब्धिमूलक नै मान्नुपर्दछ । यीबाहेक अन्य देशका स्कुल कलेजहरूमा पनि नेत्रहीन क्रिकेट खेल्ने गरिएको छ । तर, यसको संस्थागत विकास भने हुन सकेको छैन । नेपाली नेत्रहीन क्रिकेट टिमले सन् २००८ मा पाकिस्तानसँग मैत्रीपूर्ण खेल खेलेर आफ्नो अन्तर्राष्ट्रिय सहभागिताको सुरुआत गरेको थियो । त्यतिखेरै नेपाली टिमले पाकिस्तानमा नौ वटा मैत्रीपूर्ण खेल खेलेको थियो ।

नेपालले सन् २०१२ मा भारतको बेंगलोरमा भएको नेत्रहीनहरूको विश्वकपमा भाग लिएर विश्वकपमा सहभागिता प्रारम्भ गरेको थियो । त्यसबखत नेपालले पहिलोपटक बंगलादेशको टिमलाई पराजित गर्न सफल भएको थियो । भारतको केरलामा सन् २०१६ मा भएको एसियाली नेत्रहीन क्रिकेट प्रतियोगितामा पनि नेपालले आफ्नो सहभागिता जनाएको थियो । यसअघि सन् २०२१ मा भारतमा आयोजना भएको तेस्रो टि-ट्वान्टी विश्वकपमा कोरोनाले आक्रान्त पारेको अवस्थामा पनि नेपालले भाग लिएको थियो । त्यतिखेर भारतले उपाधि जितेको थियो ।

### नेपालबाटै महिला क्रिकेट सुरु

यहाँ उल्लेखनीय पक्ष के छ भने धेरै संख्यामा दृष्टिविहीन महिलाहरूलाई क्रिकेटमा समाहित गर्ने मुलुकमा नेपाल अग्रपंक्तिमा पर्दछ । नेत्रहीन महिलाहरूको क्रिकेटको सुरुआत नेपालले नै गरेको थियो । बेलायतमासमेत नेपाली प्रशिक्षककै सहयोगमा नेत्रहीन महिला क्रिकेट सुरु गरिएको थियो । सन् २००९ मै नेपाली महिला टिमले काठमाडौंमा आयोजित मैत्रीपूर्ण खेलमा बेलायतलाई पराजित गरेको थियो । त्यतिखेर नेपाल सरकारले महिला टिमलाई राष्ट्रिय सम्मान प्रदान गरेको थियो । अब सन् २०२५ मा भारतमा आयोजना हुने नेत्रहीन महिलाहरूको विश्वकपमा नेपालको पनि सहभागिता रहने लक्ष्य राखिएको छ ।

### मैदानको अभाव

शारीरिकरूपले सक्षम क्रिकेट खेलाडीहरूका लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भए पनि नेत्रहीन खेलाडीहरूका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन । चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट संघलगायतलाई गुहार्नुपर्ने अवस्था आउने गरेको छ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट संघले प्रयोग गरिरहेको छ । सोही संघले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानका लागि पनि सरकारले लगानी गरेको छ । त्यस्ता मैदान नेत्रहीनहरूलाई पनि सहजरूपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिनुपर्दछ ।

राष्ट्रिय खेलकुद परिषद्को स्वामित्वमा नेपालभर हजारौं रोपनी जमिन रहेका छन् । कयौं जमिन अतिक्रमणमा परिसकेका छन् । नेत्रहीन क्रिकेट खेलाडीहरूका लागि छुट्टै क्रिकेट मैदानका लागि सरकारले बजेट विनियोजन गर्नुपर्दछ भनेर पटक-पटक आवाज उठ्ने गरेको पनि छ । नेत्रहीन क्रिकेट संघ नेपालका पदाधिकारीहरूले नेत्रहीन क्रिकेट र अपांगता खेलकुदका बारेमा बेलाबखत सरकारको ध्यानाकर्षण गर्दै आइरहेका छन् । पछिल्लोपटक युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीसँग संघका पदाधिकारीहरूले छलफल गरेका थिए ।

### दृष्टिविहीनहरुले कसरी खेल्छन् ?

दृष्टिविहीन क्रिकेट खेलाडीहरूले आवाजको प्रयोग गरेर क्रिकेट खेल्ने गर्दछन् । नेत्रहीनहरूले क्रिकेट खेल्दा प्रयोग गर्ने हार्ड प्लास्टिकको बलभित्र रहेका साइकलका बल बेरिङको माध्यमबाट बल बज्ने गर्दछ । त्यही आवाज सुनेको आधारमा आवाजलाई पछ्याउँदै ब्याटिङ गर्नेले ब्याटिङ गर्दछ भने बलिङ र फिल्डिङ गर्नेले पनि त्यसैलाई पछ्याएर क्रिकेट खेल्ने गरेका छन् ।

### सबै नेत्रहीन खेलाडीले देख्छन् कि देख्दैनन् ?


दृष्टिविहीन क्रिकेट खेल्ने सबै खेलाडी पूर्ण दृष्टिविहीन हुँदैनन् । वर्ल्ड ब्लाइण्ड युनियनले मान्यता दिएको वैधानिक दृष्टिविहीनअन्तर्गत क्रिकेटमा तीन प्रकारका खेलाडीहरूले खेल्ने गर्दछन् । जस्तै बी वान जसले पूर्णरूपमा देख्दैन । बि टु जसले पाँच मिटरसम्म कुनै वस्तु हल्लिएको अनुभव गर्ने तर नदेख्ने तथा ठम्याउन नसक्ने, बि थ्री क्याटगोरीमा २० मिटर दूरीसम्म कुनै वस्तु हल्लिएको तथा चलिरहेको अनुभव गर्दछन् । एक टिममा चारजना बि वान, तीनजना बि टु तथा चारजना बि थ्री क्षमता भएका खेलाडीलाई खेलाउने गरिन्छ । पूर्ण दृष्टिविहीन तथा कम देख्ने क्षमता खेलाडीहरूको समग्रता नेत्रहीन क्रिकेट मानिएको छ ।

सन् १९२२ मा अस्ट्रेलियाबाट नेत्रहीनहरूको क्रिकेटको सुरुआत भएको थियो । तर, १०० वर्ष पुगिसकेको अवस्थामा पनि विश्वमा यो खेललाई अझ व्यापक बनाउन सकिएको छैन । नेपाली नेत्रहीन खेलाडीहरूले अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको अवस्थामा महत्त्वपूर्ण पदकहरू भित्र्याएर मुलुकको छवि अझ उच्च बनाउन नेत्रहीन क्रिकेट पनि महत्त्वपूर्ण माध्यम बन्न सक्दछ । तर, यसका लागि शारीरिकरूपमा सक्षम क्रिकेट खेलाडीहरूलाई जस्तै नेत्रहीन क्रिकेट खेलाडीहरूलाई पनि यथोचित सुविधा, यस खेलका लागि सरकारको उच्च प्राथमिकता तथा यथोचित लगानी भने अत्यावश्यक भइसकेको महसुस गरिएको छ । *रासस*

## पुस्तक समीक्षा

# 'कान्छो सिडिओ'देखि 'बाह्र-सत्तरी'सम्म




हालको मर्यादाक्रमानुसार राजपत्रांकित प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारी १६औं र द्वितीय श्रेणीका १७औं नम्बरमा परे पनि पञ्चायतकालसम्म तिनलाई 'जिल्लाका राजा'कै रूपमा मानिन्थ्यो । राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावको मर्यादाक्रम ('राजपत्र', नेपाल सरकार २०७६ वैशाख १६) गृह मन्त्रालयले तोक्दा मध्यम दर्जामा परे पनि जिल्लामा उनको नै हालीमुहाली चल्छ र जनमानसमा उपल्लो दर्जाको ठानिन्छ । महिलाका हकमा पहिले नगण्य भएकामा अहिले उल्लेखनीय संख्यामा छन् र सञ्चारमाध्यमसमेतमा छाउन पुगेका छन् । गृह मन्त्रालय र सोअन्तर्गतका कार्यालयमा सचिवभन्दा मुनिका पदमा पदस्थापन हुने प्रायःमा सो पदप्रति आकर्षण छ ।

जिल्लाका यावत् प्रशासनिक काम र घटनामा प्रमुख प्रशासनिक व्यक्ति प्रजिअको सरोकार हुन्छ नै । आफू खटिएको जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न जिम्मेवार प्रजिअको मुख्य कर्तव्य शान्ति, सुरक्षा र व्यवस्था कायम गर्नु, सरकारी नीतिहरूको कार्यान्वयन गर्नु र विभिन्न सरकारी कार्यालयहरूबीच समन्वय गर्नु हो । केही समय सिडिओमा रहँदा पनि त्यसलाई गौरवका रूपमा नै लिइन्छ । नेपाल सरकारका मुख्यसचिवसम्म भएकाहरू पहिले प्रजिअ भएका कतिपय उदाहरण छन् ।

प्रशासनिक पदबाट निवृत्त भएका केहीले निजामती सेवाका अनुभव लेखेका छन् भने केही पूर्वप्रजिअले आफूले भोगेका तीतामीठा घटनालाई पुस्तकाकार रूपमा पस्केका पनि छन् । नरेन्द्रराज पौडेल ('सिडिओका १७ वर्ष'), नरेन्द्रराज शर्मा ('सिडिओ साहेब'), उषा नेपाल ('महिला सिडिओ')ले प्रजिअसम्बन्धी शीर्षक नै राखेर कृति प्रकाशनमा ल्याइसकेका छन् । कुनै समय विद्यालयका शिक्षक, प्रधानाध्यापक, संस्थान कर्मचारी हुँदै निजामती सेवामा प्रवेश गरेका नुवाकोट, विदुर-१०, गेर्खुका रेशमबहादुर पाण्डेले भने आफूले सो पदमा जागिर खाँदासम्म आफू नै कान्छो उमेरको रहेको जिकिर गर्दै 'कान्छो सिडिओ' (दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल, २०८०) शीर्षक संस्मरणसंग्रह प्रकाशनमा ल्याएका छन् ।

साहित्यमा रुचि राख्ने र जागिरकै क्रममा लोकसेवा आयोगका परीक्षार्थीलाई उपयोगी 'नेपालको इतिहास' र 'नेपालको राजनीतिक व्यवस्था' शीर्षकमा कृति लेखिसकेका पाण्डेले बेलाबेलामा विभिन्न समसामयिक पत्रिकामा लेखरचना पनि लेखेका छन्, स्मारिका आदि सम्पादन गरेका छन् । दायित्व प्रतिष्ठानबाटै उनको सामाजिक उपन्यास 'बाह्र-सत्तरी' पनि प्रकाशन भई गत वर्ष माघमा काठमाडौंमा र यस वर्ष वैशाखमा गृह जिल्लामा विमोचन भयो । असल शिक्षक र गुणी प्रशासकको व्यक्तित्व बनाएका फुर्तिला पाण्डेको लेखक-साहित्यकार व्यक्तित्व पनि यसरी विस्तारै फराकिलो हुँदै छ ।

'कान्छो सिडिओ'मा कोतपर्व काण्डमा बची नुवाकोट पुगेका वा पृथ्वीनारायण शाहसँगै गोरखाबाट आएका हुनसक्ने पाँडेवंशकै वंशज लेखकले आफ्नो बाल्यावस्था, अध्ययन, नुवाकोट र रसुवाका विद्यालयमा अंग्रेजी शिक्षक र प्रधानाध्यापक पद, शिक्षक संगठन र आन्दोलनका घटनादेखि केही परियोजना र नेपाली सेनाको जागिरे, कर्मचारी सञ्चय कोषदेखि निजामती सेवाका शाखा अधिकृत, सहायक प्रजिअ र प्रजिअ हुँदाका रोचक घटना समेटेका छन् भने दक्षिण कोरिया र अमेरिका भ्रमणका प्रसंग पनि छन् ।

गृह मन्त्रालयमा रहेको केही समयपछि सुरुमा वि.सं. २०४४ तिर उनलाई दुर्गम डोल्पा जिल्लामा सिडिओ हुने प्रस्ताव आयो जहाँ भोकमरी, शान्तिसुरक्षा र नागरिकता प्रमाणपत्रका समस्या ज्वलन्त थिए । त्यहाँ बस्दाको प्रशासनिक पदीय द्वन्द्व, घोडा कुदाउँदा पाएको चोट, दसैंमा घर जान पाइने-नपाइने अन्योलजस्ता विषय उल्लेख छन् । पाण्डे जाजरकोटमा 'सिडिओ' हुँदा सरसफाइको अभाव र दूषित पानीका कारण त्यहाँ फैलिएको झाडापखाला र त्यस प्रकरणका कारण उनी गृह मन्त्रालय फिर्ता हुनुपरेको वि.सं. २०६६ को घटना त चर्चित नै छ ।

मिडियाले रोगबाट मर्नेको संख्या बढाइचढाइ गर्ने र सरुवा रोग भनी आतंक फैलाउने, चिकित्सक टोली र औषधिका दाता रोग प्रभावित क्षेत्रमा जाँदै नजाने र औषधि र उपकरण सदरमुकाममै छाडी तस्बिर खिच्ने, अन्तर्वार्ता लिने र प्रचारप्रसारमा रमाउनेजस्ता अप्रिय घटनाबीच औषधि वितरण र चिकित्सा सेवाको समन्वय गर्दा खेप्नुपरेको सास्तीको विवरण लेखकले पीडाका साथ उतारेका छन् । त्यति हुँदाहुँदै पनि आफ्नो निष्क्रियता र औषधोपचारमा ध्यान नदिइएको आरोप तत्कालीन सरकारबाट लगाइएकामा पाण्डे निकै दुःखी भए । केन्द्रबाट आएका पाहुनाको खातिरदारी गर्नैमा समय दिनुपरेपछि उनले पनि कतातिर हेर्न भ्याउनु ? पाण्डे लेख्छन्, 'यो त राज्यसंयन्त्रको कमजोरी लुकाउन गरिएको अभिनयको पटाक्षेपमात्र थियो । म त्यस घटनापछि पनि सशरीर साढे दुई महिना जाजरकोटको प्रजिअमा नै बहाल रहेर... बिदाइ हुनुभन्दा केही अघि नै नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीको घरघर गएर उपचार गर्ने रणनीतिक कार्यले झाडापखाला नियन्त्रणमा आइसकेको थियो ।'

एकपटक उनले आफ्नै अंगरक्षकले पेस्तोलद्वारा आत्महत्या गरेको घटना पनि सुन्नु-भोग्नुपर्‍यो । उनी रसुवा, बाजुरा, रामेछाप र बर्दियामा पनि सिडिओ हुन पुगे र आफ्ना कामकाजका सन्दर्भमा राजनीतिक नेता तथा आफ्ना हाकिमसँग निडरता र स्वाभिमानका साथ प्रस्तुत भए ।

गृह मन्त्रालयमा करिब २८ वर्षे कार्यकालअन्तर्गत अध्यागमन कार्यालयमा रहँदा पाण्डे सुन बरामद काण्ड तथा ठूलै व्यक्तिले पनि आफ्नो नाम र कसैले आफू बस्ने ठेगाना पूरा नलेख्ने प्रवृत्ति देखे । गृह मन्त्रालयमा अंगीकृत नागरिकतामा ठूलै चलखेल हुने गरेको, मन्त्रालयमै शाखा अधिकृत भएका बेला नुवाकोट घर आएका बखत २०५७ बुद्धजयन्तीका दिन राति माओवादीले आफूसँग तर्साएर बन्दुक माग्न आएको, जिल्लामा प्रहरी र अन्य व्यक्ति-कर्मचारीले आफूलाई मन्त्री, सचिव भनी व्यवहार गरेको, आफूहरू बस्ने ठाउँ सुविधामूलक नभएको भनी सशस्त्र द्वन्द्वबाट सांसद भएकाले आफ्नो जागिरै खाने धम्कीजस्ता घटना पनि उनले भोगे । 'केही पूरक घटना'मा पाण्डे लेख्छन्, 'कैलालीका सिडिओले छोराको विवाह गर्न पाँच दिनको बिदा नपाएर बिहा रोकिएको कुरा सुन्दा उनको निर्दयी व्यवहारबारे बुझिन्थ्यो । अझ कञ्चनपुरका सिडिओले स्वास्थ्य जाँच गर्न बिदा नपाएर स्थानीय अस्पतालमा भर्ना भएको तथ्य झन् दर्दनाक थियो ।' एकातिर सिडिओले कर्मचारीलाई पेल्ने तथा प्रजिअ आफैं अञ्चल र क्षेत्रीय प्रशासकबाट प्रताडितजस्ता घटना पनि लेखकले सविस्तार वर्णन गरेका छन् ।

विदेशका घटनाका रूपमा, दक्षिण कोरियामा कारहरूको लाम र होटेलमा राखिएको खानेकुराका ताँती देखेको, अमेरिकामा घडीको समय नमिलाएकाले आफ्नो जहाज उडान गुमेको, डल्लास विमानस्थलमा बंगलादेशी कर्मचारीसँग उर्दुमा दुःखसुखका कुरा गर्न पाएको र उसले मोबाइल दिएर छोरासँग कुरा गर्न सहयोग गरेको, ज्याक्सन हाइटमा पतिबाट धोका पाएकी गोदावरीकी एक महिलाले फूलको व्यापार गरी जीवन धानेको, न्युयोर्क, टाइम्स स्क्वायरमा जुत्ताको सानोतिनो मर्मत गर्दा पाँच डलरसम्म तिर्नुपरेको, कागजी विवाह गरेर अमेरिका पुर्‍याइएकी एक युवतीले लेखकका छोराको साथीलाई पैसा खर्च गराएर हत्तु पारेको र अन्त्यमा ६५ हजार डलरमा सम्बन्ध विच्छेद गर्नुपरेको, अमेरिकाको लुजियानास्थित छोराको डेरामा भएको आगलागीले आफ्नो सातोपुत्लो उडेको जस्ता विदेशमा बस्दाका घटना र तिनका नालीबेली पनि ३६ संस्मरणसहितको कृतिमा समेटिएका छन् । *रासस*


# रेडपाण्डा संरक्षण गर्न कुकुर र बिरालोलाई बन्ध्याकरण

**फुङ्लिङ (ताप्लेजुङ)–** ताप्लेजुङको ग्रामीण क्षेत्रमा रेडपाण्डा संरक्षण गर्न कुकुर र बिरालोलाई बन्ध्याकरण अभियान थालिएको छ । रेडपाण्डा नेटवर्कको सहयोगमा हिमाली संरक्षण मञ्चले विगत सात वर्षदेखि अभियान निरन्तरता दिँदै आएको हो ।

रेडपाण्डा पाइने विभिन्न बस्तीमा रहेका कुकुर र बिरालोलाई बन्ध्याकरण गर्नुका साथै रेविजविरुद्ध खोप दिएर रेडपाण्डा संरक्षणको अभियान सुरु गरेको हिमाली संरक्षण मञ्चका सचिव विविश केदमले जानकारी दिए । उनका अनुसार अभियानले रेडपाण्डाका लागि सुरक्षित वातावरण सिर्जना गर्न, संक्रमण र हिंस्रक आक्रमणबाट रेडपाण्डालाई जोगाउन विशेष प्रयास गरिरहेको छ ।

रेडपाण्डा पाइने क्षेत्रका ग्रामीण समुदायमा पशु स्वास्थ्य र जनावर व्यवस्थापनका गतिविधिलाई प्राथमिकता दिइँदै आएको छ । फुङलिङ नगरपालिकाको फावाखोला, फुरुम्बू, काफ्लेपाटी, माथिल्लो फेदी, हाङदेवा र पाथिभरा याङवरक गाउँपालिकाको तिरिङगे, सिरिजंग गाउँपालिकाको सिकैचा क्षेत्रका बस्तीमा बन्ध्याकरणका साथै रेबिज भ्याक्सिन कार्यक्रम सञ्चालन गरिएको मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए ।

उनका अनुसार यस कार्यममा करिब ३६८ कुकुर र बिरालोलाई रेविजविरुद्ध खोप दिइएको छ । यसका अतिरिक्त जनावरको स्वास्थ्यका लागि भिटामिन, लुतोको औषधि र जुम्राको औषधि पनि वितरण गरिएको छ । कुकुर र बिरालोलाई रेविजविरुद्धको खोप लगाएपछि रेडपाण्डासँग प्रत्यक्ष सम्पर्कमा आउँदा सम्भावित संक्रमणबाट जोगाउन सकिने भएकाले विगत लामो समयदेखि कार्यक्रमलाई निरन्तरता दिँदै आएको मञ्चले जनाएको छ ।



मञ्चका सदस्य भिङमारे लिम्बूकाअनुसार यही कात्तिक अन्तिम सातादेखि मंसिर पहिलो सातासम्ममा फुरुम्बु क्षेत्रका बस्तीमा रहेका कुकुरका लागि बन्ध्याकरण शिविर सञ्चालन गर्ने योजना पनि बनाएको छ । कुकुरको संख्या व्यवस्थापन स्वस्थ राख्न कार्यक्रम गर्न लागेको उनले बताए । बन्ध्याकरण कार्यक्रममार्फत कुकुरको संख्यालाई सन्तुलनमा राख्न सम्भव हुने र वातावरणमा थप सुरक्षा प्रदान गर्न मद्दत पुऱ्याउने मञ्चको भनाइ छ ।

### रेडपाण्डा संरक्षणका चुनौती

मञ्चकाअनुसार ताप्लेजुङको ग्राम्रीण क्षेत्रमा रेड पाण्डा वासस्थान र चरीचर क्षेत्र पर्दछ । ताप्लेजुङको सदरमुकाम फुङ्लिङ-९, १० र ११ वडा अर्थ पाथिभरा क्षेत्र रेडपाण्डाको बासस्थान पर्दछ । यस क्षेत्रमा समय-समयमा पाथिभरा दर्शन गर्न जाने तीर्थयात्रीले रेडपाण्डा देख्ने गरेका छन् ।

केही वर्षअघि पाथिभरा क्षेत्रमा रेडपाण्डा मरेको अवस्थामा फेला परेको थियो । अनुसन्धानका आधारमा प्रारम्भिक निष्कर्षमा रेडपाण्डाको मृत्युपछि सम्भवतः कुनै हिंस्रक जनावर, जस्तैः कुकुरको आक्रमणले गर्दा मरेको निष्कर्ष भयो । यसले हिमाली संरक्षण मञ्चलाई झनै सचेत बनाएको कार्यक्रम संयोजक राईले बताए । रेडपाण्डाको प्रत्यक्ष सम्पर्कमा पुग्न सक्ने कुकुर र बिरालोलाई रेबिजविरुद्धको भ्याक्सिन दिने अभियानलाई निरन्तरता दिन थालिएको मञ्चले जनाएको छ ।

रेडपाण्डाको आवासीय क्षेत्रमा कुकुर र बिरालोका कारण सुरक्षा चुनौती सिर्जना भएकाले यो समस्या समाधान गर्न मञ्चले स्थानीय समुदायको सहयोगमा काम गरिरहेको छ । समुदायमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्दै, स्थानीयलाई रेडपाण्डा संरक्षणको महत्त्व र यसका चुनौतीबारे अवगत गराउँदै आएको राईले बताए ।

मञ्चका अनुसार प्रत्येक शिविरमा स्थानीयलाई संलग्न गराएर जनचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको छ । जनावरसँग सम्बन्धित स्वास्थ्य कार्यक्रम, जनावरको जिम्मेवारीपूर्ण पालनपोषण र रेडपाण्डा जस्ता संरक्षणमा संवेदनशील वन्यजन्तुको सुरक्षाका लागि चेतनामूलक कार्यक्रमले रेडपाण्डा पाइने क्षेत्रका बासिन्दालाई आवश्यक जनचेतनाको विकास भएको छ । रेडपाण्डा संरक्षणमा स्थानीयको सहयोगविना दीर्घकालीन सफलता सम्भव नहुने हिमाली संरक्षण मञ्चको बुझाइ छ । रेडपाण्डा संरक्षणमा भइरहेको अभियानले रेडपाण्डाको संख्या बढाउन र वातावरणमा स्थिरता कायम गर्न महत्त्वपूर्ण योगदान दिने हिमाली संरक्षण मञ्चका अध्यक्ष चन्द्रमणि सुब्बा लिम्बूले बताए । *रासस*

# सुदूरपश्चिममा कतिपय स्वास्थ्यका सूचक निराशाजनक

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशमा जनस्वास्थ्य सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहे पनि कतिपय सूचकमा अझै सुधार आउन सकेको छैन । सुरक्षित मातृत्व सेवा, पोषण कार्यक्रम, क्षयरोग, एचआइभी एड्सलगायत रोगको सूचकमा सुधार हुन नसकेको तथ्यांक छ ।

धनगढीमा शुक्रबार सुरु भएको आर्थिक वर्ष २०८०/८१ को एकीकृत वार्षिक समीक्षा गोष्ठीमा स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत मोहनदेव भट्टले सुरक्षित मातृत्वतर्फ स्वास्थ्य संस्थामा गएर प्रसूति सेवा लिने महिलाको संख्या बर्सेनि घट्दो क्रममा रहेको जानकारी दिए । 'प्रदेशमा जम्मा ६१ प्रतिशत महिलाले मात्रै संस्थागत सुत्केरी सेवा लिने गरेका छन्,' उनले भने, 'सुत्केरीपश्चात् सेवा लिनेको संख्या भने गत विगतभन्दा बढेर ४३ प्रतिशत पुगेको छ ।'

यस्तै गर्भपतन गराउने दर पनि चिन्ताजनक रहेको छ । अघिल्लो वर्ष नौ हजार ५४२ ले गर्भपतन सेवा लिएकामा आव २०८०/८१ मा १५ हजार ९९८ ले यो सेवा लिएको जनाइएको छ । आशातीत कूल गर्भवतीमध्ये २५ प्रतिशतले गर्भपतन गराउने गरेकामा योमध्ये पाँच प्रतिशत २० वर्षमुनिका गरेका त्यसअवसरमा जानकारी दिइयो ।

पाँच वर्षमुनिका बालबालिकामा ख्याउटेपन, पुट्कोपन, कम तौलको अवस्था स्थिर रहने, रक्तअल्पता न्यूनीकरण हुन नसक्नुलगायत समस्या देखिने गरेका छन् । क्षयरोगी बढ्दै जाँदा रोगीको खोजपड्तालबाट प्रदेशमा झण्डै तीन हजार ७०० बिरामी भेटिएका छन् ।

यहाँ एचआइभी संक्रमित पत्ता लाग्ने दरसमेत बढेको छ । भारतका विभिन्न सहरमा काम गरेर फर्किनेहरू एचआइभी संक्रमित भएर आउने गरेको बताइएको छ । गएको एक वर्षमा प्रदेशमा नयाँ २१६ एचआइभी संक्रमित भेटिएका छन् । पाँच वर्षमुनिका बालबालिकामा निमोनिया हुनेदर र झाडापखाला हुनेदर भने घटेको छ ।

प्रदेशका जिल्ला पूर्णखोप सुनिश्चितता भइसके पनि खोप लगाउने काममा लक्ष्यअनुसारको प्रगति हुन नसकेको जनाइएको छ । खोप केन्द्र भवन नहुनु, भौगोलिक विकटता, दोहोरो बसाइँ, पर्याप्त बजेटको अभाव, खोपबाट बचाउन सकिने रोगको प्रकोप बढ्नु आदिले समस्या भइरहेको बताइएको छ । विशेषज्ञ डाक्टरलगायत जनशक्ति र साधनस्रोतको अभावका कारण जनस्वास्थ्यका कतिपय सूचकमा सुधार ल्याउन कठिनाइ भइरहेको स्वास्थ्य कार्यालयका अधिकारीको भनाइ छ ।

गोष्ठीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनश्वास्थ्य प्रशासक दयाकृष्ण पन्तले विश्व स्वास्थ्य संगठनले कूल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि छुटचाउन सकिएमा स्वास्थ्यका सूचकमा सुधार ल्याउन सकिने बताए पनि नेपालमा संघ र प्रदेश सरकारले चार/पाँच प्रतिशतमात्रै बजेट छुटचाउने गरेकाले समस्या भइरहेको बताए । उनले भने, 'नेपाल स्वास्थ्य रणनीति (२०७९/८०–२०८७/८८) को प्रभावकारी कार्यान्वयन गर्नसकेमा दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिन्छ ।'

सामाजिक विकासमन्त्री मेघराज खड्काले मान्छेको खानपान एवं अपनाइने जीवनशैलीका कारण नयाँ-नयाँ रोगको चुनौती थपिँदै गएको उल्लेख गर्दै आवश्यकताका आधारमा स्वास्थ्यसम्बन्धी योजना अगाडि बढाउन जरूरी रहेको बताए । 'बजेट तथा कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता र सुशासनका लागि सरकार प्रतिबद्ध छ । नकारात्मक देखिए स्वास्थ्य सूचकमा सुधारका लागि हामी सबैले मिलेर काम गर्नुको विकल्प छैन,' उनले भने ।

गोष्ठी शुभारम्भ समारोहमा सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्का, निर्देशनालयका निमित्त निर्देशक डा. खगेन्द्र बम, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको नीति, योजना अनुगमन महाशाखाका डा. कृष्णप्रसाद पौडेललगायतले जनस्वास्थ्यमा सुधार गर्न अपनाइने उपायका बारेमा धारणा राखेका थिए । *रासस*

## कावासोती जिप दुर्घटनामा दुई जनाको मृत्यु, २८ घाइते



**नवलपरासी (प्रस)–** नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको कावासोतीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी जेसी शाहका अनुसार कावासोती-१ बालुवाडाँडास्थित भित्री सडकखण्डमा बुलिङटारबाट कावासोतीतर्फ आइरहेको जिप दुर्घटना उक्त हताहति भएको हो । घाइतेलाई नवलपुर अस्पताल र मध्यविन्दु जिल्ला अस्पताल पुऱ्याइएको प्रहरीले जनाएको छ । क्षमताभन्दा बढी यात्री बोकेकाले दुर्घटना भएको प्रहरीको अनुमान छ ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/०४**

यस कम्पनिको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनि रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०६/०८ मा स्वीकृती भई साविक कम्पनि **भगवान ट्रेक्स एण्ड टुर प्रा.लि.** (प्रा.लि.नं. १५९४५५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **कर्मालय ट्रेक्स एण्ड टुर प्रा.लि.** अंग्रेजीमा **Karmalaya Treks and Tour Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परितवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### दावी विरोध सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०४ गते)*

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Elite Human Resource Pvt.Ltd. (ई.प.नं. 1012/068/069) को साविक नाम परिवर्तन गरी Aastha Consulting Pvt.Ltd. (ई.प.नं. 1012/068/069) कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग वमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरीरनिवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०४ गते)*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल वमोजिमका श्री ELITE HUMAN RESOURCE PVT.LTD. (ई.प.नं. 2012/068/069) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मकां पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुत प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. सं. | साविक शेयरधनीको नाम | शेयर संख्या | क्र. सं. | अब कायम हुने शेयरधनीहरूको नाम | शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | श्री संजय कुवर | (००१-३००००) | १. | श्री संजय कुँवर | (००१-७५००) |
| | | | २. | श्री चित्र बहादुर के.सी. | (२२५०१-३००००) |
| | | | ३. | श्री श्रीराम ढकाल | ७५०१-१५०००) |
| | | | ४. | श्री ईन्द्र बहादुर थावा | (१५००१-२२५००) |

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## बकुलहर रत्ननगर अस्पताल

बागमती प्रदेश, रत्ननगर -२,चितवन,नेपाल

### वोलपत्र सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०७/०४

यस अस्पतालमा आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने प्रयोगशालाको मेशिनमा लाग्ने रियाजेंट्स, कन्जुम्यावल सामाग्रीहरु तथा एक्सरे प्रिन्टरमा लाग्ने फिल्महरु वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएको हुँदा मु.अ.करमा दर्ता भएका इच्छुक योग्यता पुगेका निर्माता, फर्म, सप्लायर्स तथा व्यवसायीहरुले रित पुर्वकको वोलपत्र तपशिलका शर्तहरु पालना हुने गरि सार्वजानिक खरिद अनुगमन कार्यालयको website-www.bolpatra.gov.np/egp मार्फत पेश गर्नेहुना यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का न. | विवरण | जमानत रकम | वोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति | वोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRH/NCB/GOODS/01/2081/82 | EDAN ABG मेशिनमा लाग्ने कन्जुम्यवल सामान खरिद गर्न | १८०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| २ | BRH/NCB/GOODS/02/2081/82 | SYSMAX 550 मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | १२७०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ३ | BRH/NCB/GOODS/03/2081/82 | RANDOX IMOLA मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ५०६०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ४ | BRH/NCB/GOODS/04/2081/82 | GOLDSITE MODEL GPP 100 मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ३८२६९।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ५ | BRH/NCB/GOODS/05/2081/82 | ERBA XL 200 मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ११९०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ६ | BRH/NCB/GOODS/06/2081/82 | EXIAS - Electrolyte Crtridge Based Analyzer मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ४७४३०।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ७ | BRH/NCB/GOODS/07/2081/82 | ALIFAX ESR ANALYZER मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ९३८०।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ८ | BRH/NCB/GOODS/08/2081/82 | HPLC TRINITY BIOTECH ANALYZER मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ११९३४५।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ९ | BRH/NCB/GOODS/09/2081/82 | DVE/Trimax X–Ray Film खरिद गर्न | १८१०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| १० | BRH/NCB/GOODS/10/2081/82 | Mispa i3 मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | ११७०००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| ११ | BRH/NCB/GOODS/13/2081/82 | Nova Sodium Potassium मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | १६६९५।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |
| १२ | BRH/NCB/GOODS/14/2081/82 | Heamatology 3 parts मेशिनमा लाग्ने रियाजेंट्स वोलपत्रको माध्यमबाट खरिद गर्न | २५५००।- | ३०००।- | ३०औं दिनको बैंकिंग समय भित्र | ३१ औं दिनको १२.०० बजे भित्र | ३१औं दिनको १.०० बजे पछी | |

### भिषण राईको 'खोर्सानी डल्ले'

लोकप्रिय गायक भिषण मुकारूङ राईको स्वर, शब्द र संगीतमा 'खोर्सानी डल्ले' बोल गीतको भिडियो सार्वजनिक भएको छ। गायक राईलाई विशाल खालिङ, बिक्रम राई, सागर सन्सार राईले स्वरमा साथ दिएका छन्। कोरस सहितको भिडियोमा एलिश राई र एलिशा राई मुख्य भुमिकामा देखिएका छन् भने यस भिडियोलाई दीपक गिरीले खिचेको हुन्। एलिश राईले निर्देशन गरेको यस भिडियोलाई गायक राईले आफ्नै अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरेका छन्।





# 'डान्स च्याम्पियन सिजन २' को फाइनलमा रोमिया




■ प्रभाव संवाददाता

**काठमाडौं–** डान्सिङ रियालिटी शो 'डान्स च्याम्पियन सिजन २'को फाइनलमा पुगेकी रोमिया भट्टराई ११ वर्षकी मात्रै भइन्। नृत्यकला तारिफ गर्दै अहिले उनलाई जिताउनका लागि अभियान चलिहरेका छन्।

कात्तिक १० गते हुने फाइनलमा उनलाई जिताउनका लागि अभियान सञ्चालन गरिएको हो। नुवाकोट तारकेश्वर-४ कि रोमिया शोकै कान्छी प्रतियोगी भएको बताइएको छ।

नुवाकोट लगायत हेटौंडाका विभिन्न नृत्य प्रतियोगिताहरूमा समेत नाम कमाएकी उनलाई जिताउन इभेन्ट एन्ड भोटिङ प्लेटफर्म एवेन्टोज तथा ग्लोबल पे र इसेवाबाट भोट गर्न सकिन्छ।

रोमियासँगै फाइनल भिडन्तमा अनिल सुनुवार, बबिता पोखरेल, जिके क्वीन्स, साजन गुरुङ र शुभम सिंह रहेका छन्। उनीहरूका लागि समेत जिताउनका लागि अभियान सञ्चालन भएका छन्।

# बाहुबलीको तेस्रो सिरिज बन्ने !

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारतका चर्चित निर्देशक एसएस राजामौली फिल्म बाहुबलीको तेस्रो संस्करण बनाउने तयारीमा छन्। मिडिया रिपोर्टका अनुसार पुराना दुवै फिल्म जस्तै यस फिल्ममा पनि प्रभास मुख्य भूमिकामा देखिने बताइएको छ। उक्त खुलासा फिल्म कंगुवाका निर्माता ज्ञानवेल राजाले गरेका हुन्। उनले फिल्म कंगुवाको सिक्वेल पनि बन्ने बताए। ज्ञानवेल २०१५ को फिल्म बाहुबलीको तमिल वितरक पनि थिए।

ज्ञानवेलले भने, 'बाहुबली ३ प्लानिङ स्टेजमा छ। गत हप्ता चलचित्रकर्मीसँगको छलफलका क्रममा थाहा भयो। उनले बाहुबली १ र २ बनाएका थिए। तर अब उनीहरू लामो समयपछि बाहुबली ३ बनाउने योजनामा छन्।' ज्ञानवेलले कल्की २८९८ ईस्वी र सालारको सिक्वेलको उदाहरण पनि दिए, जुन लामो अन्तरालपछि बन्नेछ। त्यस्तै कंगुवाको सिक्वेल पनि बन्नेछ।

केही समयअघि एक कार्यक्रममा राजामौलीलाई फिल्म 'बाहुबली' फ्रेन्चाइज दुई पार्ट रिलिज भएपछि अगाडि बढ्छ कि भनेर सोधिएको थियो, उनले भनेका थिए, 'बाहुबली एनिमेटेड सिरिजमा मात्र अगाडि बढ्ने छैन अन्यमा पनि अगाडि बढ्नेछ माध्यमहरू बढाइनेछ। अहिले यो प्लेटफर्ममा यसको बारेमा कुरा गर्ने सही समय होइन।'

'बाहुबली' का निर्माता शोबु यार्लाग•ाले पनि यो कुरामा सहमति जनाउदै अहिलेसम्म 'बाहुबली' सिरिजका फिल्महरू सानो हिस्सा मात्र भएको बताए। यसमा धेरै फ्रान्चाइजीहरू बनाउन सकिने बताएका थिए। सन् २०१५ मा रिलिज भएको फिल्म 'बाहुबली' तेलुगु र साउथ सिनेमाको सबैभन्दा धेरै कमाउने फिल्म बनेको थियो। यो भारतको सबैभन्दा धेरै कमाउने हिन्दी डब फिल्म पनि थियो। प्रभासको फिल्म 'बाहुबली' भारतको पहिलो फिल्म हो, जसले १० दिनमा हजार करोड रूपैयाँ कमाएको छ। त्यस्तै बाहुबली- २ २०१७ मा रिलिज भएको थियो। यसको हिन्दी संस्करणले ५१०.९० करोड कमाएको थियो।

# २१ मुलुकका सयभन्दा बढी कलाकार काठमाडौंमा भेला हुँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** संगीत, सांस्कृतिक सम्पदा र सिर्जनशिल बुद्धिमत्ताको आदानप्रदान गर्ने उद्देश्यले विभिन्न २१ मुलुकका सयभन्दा बढी कलाकर्मी काठमाडौंमा भेला हुने भएका छन्।'ग्लोमस क्याम्प' भनिने अन्तर्राष्ट्रिय कार्यशालामा सहभागि हुन नेपालसहित ती मुलुकका ३१ विश्वविद्यालयका संगीत, नृत्य, नाट्यकर्मी र कला प्राध्यापक नेपाली राजधानीमा जुट्न लागेका हुन्।

आइतबारदेखि १० दिनसम्म काठमाडौंको गोकर्ण रिसोर्टमा कार्यशाला सुरु हुँदैछ। आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्था नेपाल संगीत विद्यालय ट्रस्टका प्राचार्य शिशिर उप्रेतीले विदेशी सहभागि आउने क्रम जारी रहेको बताए। संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री बद्री पाण्डेले कार्यशालाको उद्घाटन गर्ने तयारी छ।

कार्यशालामा सहभागिले प्रशिक्षणमा भाग लिने र कलाको प्रदर्शन गर्नेछन्। कार्यशालाको उद्देश्य सृजनशील बुद्धिमत्ता, सङ्गीत र सांस्कृतिक सम्पदा र विश्वभर सृजनशीलताको आदान प्रदान गर्नु रहेको उनले जनाए। सन् २००७ मा स्थापना भएको ग्लोमसले पहिलो क्याम्प मोजाम्बिकमा गरेको थियो। त्यसपछि घाना, तान्जानिया, मलेसिया, ब्राजिल र डेनमार्कमा हुँदै यो कार्यक्रम नेपालमा हुन लागेको हो।

'ग्लोमसले विद्यार्थी तथा प्राध्यापकलाई अवसर मात्र हैन, सिर्जनशिल नागरिकताको वहस र अवसर पनि प्रदान गर्दछ' आयोजकद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'विश्व भरका कलाकर्मी समान हुन र उनीहरू विश्व सिर्जनशिल नागरिकताका हकदार हुन भनेर वकालत गर्छ।'

ग्लोमसले विद्यार्थी केन्द्रित सिकाइलाई प्रवर्धन गर्नुका साथै विभिन्न देशको विद्यार्थी प्रतिनिधिको साझेदारीमा मद्दत पुऱ्याउने जनाइएको छ। कार्यशालामा नेपालबाट २०० भन्दा धेरै सहभागि हुने जनाइएको छ।



# नेपाल र अमेरिकाबीचको दोस्रो टी-२० आज



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले आज (आइतबार) अमेरिकाविरुद्धको टी-२० सिरिजको दोस्रो खेल खेल्दै छ। नेपाली समय अनुसार बिहान ५: ४५ बजेदेखि शुरु भएको यो खेल अमेरिकाको टेक्सासस्थित ग्राण्ड प्रेरी स्टेडियममा हुँदैछ।

सिरिजको पहिलो खेलमा नेपालले १७ रनको जित हासिल गरेर अमेरिका टुरको सकारात्मक शुरुवात गरेको छ।

अमेरिकामा रहेको नेपाली टिममा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, अनिल साह, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुल्शन झा, रिजन ढकाल, ललित राजबंशी र देव खनाल रहेका छन्।

त्यस्तै सन्दीप लामिछाने पनि भिसा प्राप्त गरेर अमेरिका पुग्ने क्रममा रहेकाले यस खेलमा भने उपलब्ध हुने छैनन्।


त्यस्तै अमेरिकाले पनि नेपालविरुद्धको टी-२० सिरिजका लागि १५ सदस्यीय टिम नेपाल विरुद्ध खेलिरहेको छ।

अमेरिकी टिममा मोनांक पटेल (कप्तान), एन्ड्रिज गौस, अभिषेक पराडकर, एरोन जोन्स, हरमित सिंह, जुआनोय ड्रिसडेल, मुहम्मद अली खान, मिलिन्द कुमार, नोस्थुषा केन्जिगे, जसदीप सिंह, सौरभ नेत्रावलकर, साइतेजा मुक्कामल्ला, शायन जहांगीर, उत्कर्ष श्रीवास्तव र यासिर मोहम्मद रहेका छन्।

नेपालले सिरिजको तेस्रो खेल सोमबार खेल्ने तालिका छन्।

# महिला टी-२० विश्वकपको फाइनलमा दक्षिण अफ्रिका र न्यूजिल्याण्ड भिड्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** आइसीसी महिला टी-२० विश्वकपको फाइनलमा दक्षिण अफ्रिका र न्यूजील्याण्ड भिड्ने भएका छन्। न्यूजील्याण्डले वेस्ट इण्डिजलाई दोस्रो सेमिफाइनलमा ८ रनले पराजित गर्दै फाइनलको यात्रा तय गरेको हो। न्यूजील्याण्ड २०१० पछि पहिलो पटक विश्वकपको फाइनलमा पुगेको छ।

त्यस्तै दक्षिण अफ्रीकाको फाइनलको यात्रा पनि रोमाञ्चक रहेको छ। ६ पटकको विश्व च्याम्पियन अस्ट्रेलियालाई सेमिफाइनलमा पराजित गर्दै दक्षिण अफ्रिका लगातार दोस्रो पटक फाइनलमा पुगेको हो। २०२३ को विश्वकपमा फाइनलमा अस्ट्रेलियासँग नै पराजित भएको दक्षिण अफ्रीकाले त्यसको बदला लिदै यस पटक भने अस्ट्रेलियालाई बाहिर गर्दै फाइनल खेल्दै छ। यस पटकको महिला टी-२० विश्वकपले नयाँ विजेता पाउने निश्चित भएको छ। यस अघि सम्पन्न ८ विश्वकप मध्ये अस्ट्रेलियाले ६ तथा वेस्ट इन्डिज र इङल्याण्डले एक एक पटक जितेका छन्। अब फाइनल खेल आइतबार दुबईमा नेपाली समय अनुसार राती ७: ४५ बजेदेखि शुरु हुने छ।

# यू-१७ एसियन कप छनोटमा सहभागी हुने टोलीको बिदाइ

■ प्रभाव संवाददाता




**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले सन् २०२५ मा साउदी अरबमा आयोजना हुने एएफसी यू-१७ एसियन कप छनोटमा सहभागी हुन कतार प्रस्थान गर्ने टोलीलाई बिदाइ गरेको छ। समूह 'एफ' मा नेपालसँगै जापान, कतार र मंगोलिया रहेका छन्। नेपालले आफ्नो पहिलो खेल अक्टोबर २३ मा जापानसँग खेल्नेछ भने दोस्रो खेल अक्टोबर २५ मा आयोजक राष्ट्र कतारसँग खेल्नेछ। नेपालले समूह चरणको अन्तिम खेल मंगोलियासँग अक्टोबर २७ मा खेल्नेछ।

बिदाइ समारोहमा प्रमुख अतिथि तथा वाग्मती प्रदेश खेलकूद विकास परिषद्का सदस्य सचिव दीपक लामा, एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ, महासचिव किरण राई, कार्यकारी समितिका सदस्य मनिष जोशी र मणिराज विष्टले टोलीलाई राष्ट्रिय झण्डा दिएर बिदाइ गरे।

नेपाली टोलीमा पेम्बा नुर्बु भोट, रामबहादुर बोहरा, विशेष बानियाँ, प्रशान्त मोक्तान, सुजलमान घले, निशान राजलवट, भुवन कामी, एकराज विश्वकर्मा, जोन विष्ट, सविन कटुवाल, अनुभव पुरी, लक्ष्मण थामी, विज्ञान खड्का, सुभाष बम (कप्तान), आलिक श्रेष्ठ, सविनकुमार लुंगेली मगर, रोहित श्रेष्ठ, सन्तोष गोङ्बा, रञ्जित लामा, तेन्जिङ शेर्पा र दिग्विजय शाही छन्।

# ब्रिक्सले विश्वव्यापी आर्थिक वृद्धिलाई अगाडि बढाउँछ : *पुटिन*

**मस्को–** ब्रिक्स समूहका देशहरूको कूल गार्हस्थ उत्पादनको संयुक्त अंश ६०० खर्ब अमेरिकी डलरभन्दा बढी छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार मस्कोमा आयोजित ब्रिक्स व्यापार मञ्चमा ब्रिक्सले आज विश्व अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्नेमात्र नभई भविष्यमा पनि यसको भूमिका बढ्दै जाने कुरा स्पष्ट पारे।




उनले ब्रिक्सका सदस्य राष्ट्रहरू नै वास्तवमा विश्व आर्थिक वृद्धिका चालक भएको बताए । पुटिनको टिप्पणी काजानमा अक्टोबर २२-२४ मा हुने ब्रिक्स शिखर सम्मेलनअघि आएको हो। पुटिनलाई उद्धृत गर्दै तास प्रतिवेदनले सन् १९९२ मा विश्वको कूल गार्हस्थ उत्पादनमा जी-७ देशको हिस्सा ४५.५ प्रतिशत रहेको र ब्रिक्स राष्ट्रको हिस्सा १६.७ प्रतिशत रहेको उल्लेख गरे।

'सन् २०२३ मा ब्रिक्सको हिस्सा ३७.४ प्रतिशत र जी-७ को हिस्सा २९.३ प्रतिशत रहेको छ,' पुटिनले भने, 'अन्तर बढ्दै गइरहेको छ र यो बढ्दै जाने छ, यो अपरिहार्य छ।' पुटिनले ब्रिक्सले आजमात्र नभई विश्व अर्थतन्त्रमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिए। रुसी अध्यक्षतामा काजानमा हुने १६औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अक्टोबर २२ देखि २३ सम्म रुसको भ्रमण गर्दै छन्।

रूस, भारत र चीनका नेताहरू सन् २००६ मा जी-८ आउटरिच शिखर सम्मेलनमा सेन्ट पिटर्सबर्गमा भेटिएपछि ब्रिक औपचारिक समूहका रूपमा सुरु भयो । ब्रिक विदेशमन्त्रीहरूको पहिलो बैठकमा समूहलाई औपचारिकता दिइएको थियो।

सन् २०१० मा न्युयोर्कमा ब्रिक विदेशमन्त्रीहरूको बैठकमा दक्षिण अफ्रिकालाई समावेश गरिएको थियो। सन् २०२४ म ब्रिक्सको विस्तार इजिप्ट, इथियोपिया, इरान र संयुक्त अरब इमिरेट्सलाई समावेश गर्न गरिएको हो । हालसम्म जम्मा १५ वटा ब्रिक्स शिखर सम्मेलन भइसकेका छन्।

### जी-२० शिखर सम्मेलनमा पुटिनले भाग नलिने

रुसी राष्ट्रपति पुटिनले नोभेम्बरमा ब्राजिलमा हुने जी-२० शिखर सम्मेलनमा भाग नलिने बताएका छन् । उनका अनुसार उनको आगमनले सम्मेलनलाई 'बिगार्ने छ'।

आफ्नो गिरफ्तारीका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) को पक्राउ पुर्जी कुनै कारक होइन भन्दै उनले यस प्रकारका निर्णयहरूलाई धेरै सजिलैसँग छल्न सकिने बताए। रुसमा हुने ब्रिक्स शिखर सम्मेलनअघि मस्कोमा एक पत्रकारले सोधेको प्रश्नमा उनले जी-२० शिखर सम्मेलनमा भाग नलिने पुष्टि गरे। 'त्यसोभए के म यो मञ्चको सामान्य कामलाई बाधा पुर्‍याउन विशेषरूपमा त्यहाँ जाने छु ?,' पुटिनले भने, 'यदि म आइपुगेँ भने कुराकानीहरू यसबारे मात्र हुने छन्।' 'हामी वस्तुतः जी-२० को काम बिगार्ने छौं, किन ?,' उनले भने, 'हामी वयस्क हौं, त्यसैले ब्राजिलमा हाम्रो देशको हितलाई योग्य रूपमा प्रस्तुत गर्नेलाई हामी रुसमा भेट्नेछौं।'

मस्कोले सन् २०२२ मा आफ्नो आक्रमण सुरु गरेपछि युक्रेनी बालबालिकाहरूको कथित गैरकानुनी निर्वासनका कारण आइसिसीले गत वर्ष पुटिनको गिरफ्तारीका लागि पक्राउ पुर्जी जारी गरेको थियो । तर पुटिनले ब्राजिल गए भने आफ्नो गिरफ्तारीको जोखिमलाई खारेज गरे । 'रुस र ब्राजिलबीच 'धेरै न्यानो, राम्रो सम्बन्ध' छ,' उनले भने, 'त्यसैले जब यो कुरामा आउँछ, एक अन्तरसरकारी सम्झौता लेख्न पर्याप्त हुन्छ र कोही पनि कठिन स्थितिमा पर्दैन।'

मंगोलिया आइसिसीको सदस्य भएर अदालतले खोजेका व्यक्तिहरूलाई पक्राउ गर्नुपर्ने दायित्व भए पनि कुनै समस्याविना पुटिन सेप्टेम्बरमा मंगोलिया गए । यद्यपि, उनले दक्षिण अफ्रिकामा ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका) समूहको बैठकमा भाग लिएनन्। *एएफपी/एएनआई*



संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियास्थित आर्केडिया, लस एन्जलस काउन्टीमा आयोजित 'लस एन्जलस ल्यान्टर्न आर्ट एक्सपो-२०२४' अवलोकन गर्दै मानिसहरू। बुधबार साँझ सुरु भएको प्रदर्शनीमा ६० भन्दा बढी ल्यान्टर्न राखिएको छ, जसमा चिनियाँ परम्परागत सांस्कृति र व्यञ्जनहरू समेटिएका छन्। *तस्बिर: सिन्ह्वा*

# सिनवारको मृत्यु भए पनि हमास जीवित रहने खमेनीको घोषणा



**तेहरान–** इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले गाजामा भएको इजरायली सैन्य कारबाहीमा हमासका नेता याहया सिनवारको मृत्यु भए पनि हमास जीवित रहेको शनिबार घोषणा गरेका छन् । सिनवारको मृत्यु पीडादायी भएता पनि सिनवारको शहादतसँगै हमासको अन्त्य नहुने खामेनीले बताएका छन्। उनले विज्ञप्ति जारी गर्दै प्यालेस्टिनी इस्लामवादी आन्दोलन र हमास अझै जीवित रहने जनाएका हुन्।

खमेनीले सिनवारको बारेमा उल्लेख गर्दै भने, 'सिनवार प्रतिरोध र संघर्षको चम्किलो व्यक्तित्त्व हुन्, जो क्रूर र आक्रामक सत्रुविरुद्ध अटुट दृढ संकल्पका साथ उभिन्थे।' सन् २०२३ अक्टोबर-७ को आक्रमणको मुख्य नाइकेको रूपमा सिनवारलाई चित्रित गर्दै उनको मृत्युले युद्ध भड्किएको भए नि निरन्तर अघि बढ्ने बताएका छन्।

उनले सन् २०२३ अक्टोबर-७ बाट सुरु भएको युद्धमा सिनवार यस क्षेत्रको इतिहासमा उच्च विरासतको साथ उल्लेख्य योगदान गरी सम्मान र गर्वका साथ सहिद भएको बताएका छन् । इरानले आफ्नो कट्टर सत्रु इजरायललाई मान्यता नदिने बताउँदै सन् १९७९ को इस्लामिक क्रान्तिपछि प्यालेस्टिनी उद्देश्यका लागि आफ्नो समर्थनलाई आफ्नो विदेश नीतिको आधार बनाएकोसमेत उनले उल्लेख गरेका छन्।

लामो समयदेखि छायाँमा रहेका सिनवारले गत जुलाईमा इरानी राजधानी तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्यापछि हमासको प्रमुखको पदभार ग्रहण गरेको स्रोतले जनाएको छ । इरानले इस्माइलको हत्याको दोष इजरायललाई लगाइएको छ यद्यपि इजरायलले भने हालसम्म घटनाको जिम्मेवारी लिएको छैन । *रासस/एएफपी*

# इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या साढे ४२ हजार नाघ्यो



**गाजा–** उत्तरी गाजा पट्टीको जबलिया शिविरमा शुक्रबार साँझ इजरायली हवाई आक्रमणमा कम्तीमा ३३ जना प्यालेस्टाइनीको मृत्यु भएको छ । मृत्यु हुनेमा २१ जना महिलासमेत रहेका छन्। बम विष्फोटमा ८५ जनाभन्दा बढी घाइते भएका र केहीलाई गम्भीर चोट लागेको सञ्चारमाध्यमले जनाएको छ। इजरायली सेनाले जबलिया शिविरका धेरै घरहरूमा बमबारी गरेको बताइएको छ।

इजरायली सेनाले यस घटनाबारे हालसम्म कुनै प्रतिक्रिया दिएको छैन। सन् २०२३ अक्टोबर ७ इजरायलले दक्षिणी इजरायली सीमाबाट हमासको घुसपैठको बदला लिन गाजा पट्टीमा हमासविरुद्ध ठूलो आक्रमण सुरु गर्‍यो जसमा लगभग एक हजार २०० मानिस मारिए र लगभग २५० बन्धक बनाइयो। गाजा पट्टीमा जारी इजरायली हमलाबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या ४२ हजार ५०० पुगेको छ।

### इजरायलद्वारा अस्पतालमा आक्रमण

इजरायली सेनाले शनिबार उत्तरी सहर बेत लाहियाको इन्डोनेसियाली अस्पताललाई घेरा बन्दी गरी आक्रमण गरेको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन्। इजरायलले अस्पताललाई पूर्णरूपमा घेरी बिजुली लगायतका सेवाहरू अवरुद्ध गरी अस्पतालका भवनलाई निशाना बनाइ आक्रमण गरेको स्वास्थ्य सेवा निर्देशक मारवान सुल्तानले बताएका छन्। उनका अनुसार आक्रमणका कारण उक्त क्षेत्रका चिकित्सा कर्मचारी तथा बिरामी गम्भीर जोखिममा रहेका छन्।

गाजाको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इजरायलले अस्पतालका भवनहरूमा लक्षित गरी गरिएको आक्रमणमा 'मेडिकल स्टाफका अतिरिक्त ४० जनाभन्दा बढी बिरामी घाइते भएको जनाएको छ । अस्पताल क्षेत्रमा भएको खतरनाक आक्रमणले बिरामी तथा स्वास्थ्य कर्मचारीमा ठूलो त्रास अवस्था निम्त्याएकोसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ।

यस महिनाको सुरुमा उत्तरी गाजामा नयाँ आक्रमण सुरु गरेको इजरायलले पुनः समूहबद्ध भएका हमास लडाकुलाई लक्षित गरेको जनाइएको छ। गाजाको नागरिक सुरक्षा एजेन्सीले यसअघि नजिकैको जबालियामा भएको इजरायली हमलामा ३३ जनाको मृत्यु भएको जनाएको छ।

संयुक्त राष्ट्रसंघको मानवीय मामिला एजेन्सीले 'उत्तरी गाजामा सर्वसाधारणले सामना गरिरहेको बढ्दो डरलाग्दो र खतरनाक अवस्थाबारे चेतावनी जारी गर्दै यहाँका बासिन्दा निरन्तरको आक्रमणका कारण पीडादायी अवस्थाको बीचमा बाँच्न बाध्य रहेको शुक्रबार जनाएको छ। *रासस/एएफपी*

## इजरायली प्रधानमन्त्रीको निवासलाई लक्षित गरी लेबनानबाट ड्रोन हमला



**तेल अभिभ, इजरायल–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको निजी निवासलाई निशाना बनाइ शनिबार लेबनानबाट ड्रोन हमलामा भएको इजरायलको प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिमा नेतन्याहु र उनकी पत्नी सारा हमलाको समयमा घरमा नभएको तथा घटनामा कुनै चोटपटकको रिपोर्ट नभएको उल्लेख गरिएको छ। टाइम्स अफ इजरायलको रिपोर्टअनुसार शनिबार बिहान लेबनानबाट उडाइएका अन्य दुई ड्रोनहरू इजरायलको हवाई सुरक्षा द्वारा खसालेका थिए। इजरायल र हमासबीच चलिरहेको द्वन्द्वको बीचमा, इजरायली प्रधानमन्त्री नेतान्याहुले शुक्रबार गाजाका जनतालाई सम्बोधन गर्दै भने, 'यदि हमासले हतियार छोड्न र बन्धकहरूलाई फिर्ता गर्न सहमत भएमा युद्ध भोलि समाप्त हुनसक्छ।'

इजरायलले हमास प्रमुख र अक्टोबर ७ मा भएको आक्रमणका मास्टरमाइन्ड याहया सिनवारको हत्या भएको पुष्टि गरेको केही घण्टापछि उनले यस्तो टिप्पणी गरेका हुन् । इजरायली रक्षा बलले बिहीबार सिनवार र अन्य दुई आतंककारी इजरायलले मारेको खुलासा गरेको छ। नेतान्याहुले हमासले हाल गाजामा १०१ जनालाई बन्धक बनाएको खुलासा गरेका छन् जसमा इजरायलसहित २३ वटा विभिन्न देशका नागरिक रहेका छन्। *रासस/एएनआई*

# फ्रान्सेली विदेशमन्त्री किएभमा

**किएभ (युक्रेन)–** फ्रान्सेली विदेशमन्त्री जीन-नोएल ब्यारोट युक्रेनका लागि फ्रान्सको समर्थन व्यक्त गर्ने दुईदिने युक्रेन भ्रमणका लागि शनिबार किभ आइपुगेका छन्।

रूसी ड्रोन हमलाका लागि सतर्क हुँदै राजधानी आइपुगेका फ्रान्सेली विदेशमन्त्री ब्यारोटले एक हप्ता किभमा बिताउने र समकक्षी एन्ड्री सिबिगालगायतका व्यक्तिहरूसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको स्रोतले जनाएको छ। फ्रान्सको इन्टर पब्लिक रेडियोमा शुक्रबार बोल्दै विदेशमन्त्री ब्यारोटले भ्रमणको उद्देश्य फ्रान्स कुनै पनि संकटबाट पछि हट्ने छैन भन्ने प्रतिबद्धतासहित युक्रेनको जोखिममा सुरक्षा, खाद्य र ऊर्जालगायतका विषयमा सहयात्रा जनाउनुरहेको उल्लेख गरेका छन्।

उनले यसअघि रूसद्वारा अपहरण गरिएका युक्रेनी बालबालिकाको विषयमा पनि छलफल गर्ने बताएका थिए। अमेरिकी राष्ट्रपति जो बाइडेन र जर्मनी, फ्रान्स र बेलायतका नेताहरूले 'न्यायपूर्ण र स्थायी शान्ति सुरक्षित गर्ने प्रयासमा युक्रेनलाई समर्थन जारी राख्ने' संकल्प शुक्रबार व्यक्त गरेका छन्।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पश्चिमी सहयोगीहरूलाई 'विजय योजना' प्रस्तुत गरेको केही दिनपछि ब्यारोटको युक्रेन भ्रमण भएको हो । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आफ्नो पहललाई बढावा दिन वासिङ्टन, पेरिस, बर्लिन, रोम र लन्डनको यात्रा गरिसकेता पनि अझै पूर्ण समर्थन प्राप्त भइसकेको छैन। *रासस/एएफपी*

# सुडानमा ३० लाखभन्दा बढी मानिसहरू हैजाको जोखिममा

**खार्तुम (सुडान)–** संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले शुक्रबार सुडानमा ३० लाखभन्दा बढी मानिसहरू हैजाको जोखिममा रहेको जनाएको छ। युनिसेफले पाँच वर्ष मुनिका छ लाख बालबालिकासहित करिब ३० लाख मानिस हैजाको जोखिममा रहेको सामाजिक सञ्जाल एक्समार्फत जनाएको हो।

युनिसेफका अनुसार सुडानमा सन् २०२३ अप्रिलमा भएको आन्तरिक द्वन्द्वका कारण अत्यावश्यक खोपको उपलब्धता ८५ प्रतिशतबाट घटेर करिब ५० प्रतिशतमा झरेको छ। द्वन्द्वप्रभावित क्षेत्रका ७० प्रतिशतभन्दा बढी अस्पताल बन्द रहेको तथा अग्रपंक्तिमा रहेर स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य अधिकारीलाई महिनौंदेखि तलब भुक्तानी नगरिएको युनिसेफले जनाएको छ। आन्तरिक द्वन्द्व सुरु भएदेखि नै हैजा, मलेरिया, खसरा र डेंगु ज्वरोजस्ता महामारी रोगहरू फैलिँदा सयौंको मृत्यु भएको छ।

सुडानको स्वास्थ्य मन्त्रालयले अगस्टमा देशमा हैजाको प्रकोप घोषणा गर्दै द्वन्द्व र अशुद्ध पानीको प्रयोग तथा बिग्रिँदो वातावरणीय अवस्था हैजा फैलावटको कारण भनेको थियो। रासस/सिन्ह्वा

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६४४०० | प्रति तोला - ० | प्रति तोला - १९८० |



**तिहारको तयारी...** | घोराही उपमहानगरपालिका-१४ झिंगौराका लोकेन्द्र रोका मगरले तिहारलाई लक्षित गरेर व्यावसायिक रूपमा गरेको सयपत्री फूल खेती । अहिले दाङमा व्यावसायिक रूपमा धेरैले फूल खेती गर्न थालेका छन् । *तस्बिरः सुशीला ओली/रासस*

## सुक्खा बन्दरगाहबाट तीन महिनामा १२ अर्ब ७५ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**वीरगञ्ज-** वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा रु १२ अर्ब ७५ करोड ७८ लाख २१ हजार राजस्व संकलन गरेको छ । कार्यालयले चालु आवको असोज मसान्तसम्मको अवधिमा कुल वार्षिक लक्ष्यको २१ दशमलव २५ प्रतिशत राजस्व संकलन गरेको हो ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व संकलन रु २५ करोड ८४ लाख ११ हजार ले कमी भएको बताए ।

'गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधन र मदिराजन्य पदार्थको आयातमा गिरावट आएसँगै राजस्वमा प्रत्यक्ष असर पारेको देखिन्छ', उनले भने, 'चालु आवको दसैंमा पनि अपेक्षाकृत आयात बढ्न सकेन । जसले गर्दा राजस्वको लक्ष्य भेट्टाउन सकेन ।' कार्यालयले चालु आवको पहिलो महिना साउनमा मासिक लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार राजस्व संकलन गर्‍यो । त्यस्तै चालु आवको दोस्रो महिना भदौमा मासिक लक्ष्यको ८८ दशमलव ५० प्रतिशत अर्थात चार अर्ब ६४ करोड १९ लाख एक हजार राजस्व संकलन गर्‍यो ।

त्यस्तै चालु आवको तेस्रो महिना अर्थात असोजमा भने मासिक लक्ष्यको ९० दशमलव ३१ प्रतिशत अर्थात चार अर्ब ३६ करोड ३७ लाख नौ हजार राजस्व संकलन गर्‍यो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको असोज मसान्तसम्मको अवधिमा रु १३ अर्ब ११ करोड ६२ लाख ३२ हजार राजस्व संकलन भएको थियो ।

अप्पर तामाकोशीमा ऊर्जामन्त्री

## आयोजना बन्द हुँदा असोजमा मात्र ८५ करोड नोक्सान

■ प्रभाव संवाददाता



**काठमाडौं-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीपहिरोले क्षति पुर्‍याएको दोलखाको अपर तामाकोशी जलविद्युत आयोजनाको स्थलगत निरीक्षण गरेका छन् ।

मन्त्री खड्काले असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले क्षति पुगेको दोलखास्थित ४५६ मेगावाट क्षमताको अपर तामाकोशी जलविद्युत आयोजनाको ड्याम साईड, पावर हाउस, सडक लगायतका भागमा भएको क्षतिको शनिबार स्थलगत निरीक्षण गरेका हुन । निरीक्षणका क्रममा मन्त्री खड्काले अपर तामाकोशी जलविद्युत आयोजनामा क्षति पुग्दा राज्यले जलविद्युत क्षेत्रमा दैनिक ठूलो घाटा व्यहोर्नुपरेको भन्दै यथाशक्य चाँडो यसलाई मर्मतसम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने बताए ।

उक्त जलविद्युत आयोजना बन्द हुँदा राज्यले असोज महिनामा मात्र करिब ८५ करोड ६ लाख ४७ हजार ९३० रूपैयाँ घाटा व्यहोर्नुपरेको बताइएको छ । मन्त्री खड्काले बाढी पहिरोले आयोजनामा निम्त्याएको आर्थिक नोक्सानीको प्रत्यक्ष असर राज्य र जनतामा परेको भन्दै पहिरोको कारण उत्पन्न अवरोध चाँडो हटाई आयोजना सञ्चालनमा ल्याउन कर्मचारीलाई निर्देशन समेत दिए ।

'आयोजना बन्द हुँदा भोलिका दिन देखिनसक्ने ऊर्जा सङ्कटलाई ध्यान दिएर आयोजना निर्माणको काम द्रुत गतिमा गर्नुहोस्, मन्त्रालय आवश्यक सहयोग गर्न तयार छ,' मन्त्री खड्काले भने । मन्त्री खड्काले उक्त आयोजनाको (हेडवक्स) बाँधस्थल, कन्टोल विल्डिङ, आयोजनासम्म जाने बाटोको अवस्था अवलोकन गरेका थिए । असोज ११ र १२ गतेको पहिरोमा परेर उक्त आयोजनामा मात्र चार जनाले ज्यान गुमाएका थिए ।

आयोजनाका प्रमुख कार्यकारी अधिकृत (सिईओ) मोहनप्रसाद गौतमले तीन हप्ताभित्र नै थोरै भएपनि विद्युत उत्पादन थाल्नेगरी काम गरिरेहको बताए । उनले हेडवक्स क्षेत्रमा थुप्रिएर बसेको ढुंगा, माटो र ग्रेगान हटाउने काम आयोजनाले गरिरहेको बताए । यस्तै, दोलखादेखि लामाबगर सडकखण्डस्थित काभ्रेभीर आसपासमा ठूला ढुंगा खसेकाले बाटो अवरुद्ध हुँदा आयोजना क्षेत्रमा जानआउन समस्या परेको सिईओ गौतमको भनाई थियो ।

ऊर्जामन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललगायतले आयोजना क्षेत्रको निरीक्षण गरे ।

निरिक्षणपछि मन्त्री खड्काले बाढीबाट क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको मर्मतसम्भार यथाशीघ्र थालेर बिजुली उत्पादन गरिने बताएका छन् ।

जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलसहित आयोजनाको क्षतिग्रस्त संरचनाको निरीक्षणपछि उनले आयोजनामा भएको क्षतिका कारण राज्यले अकल्पनीय घाटा व्यहोर्नुपरेको बताउँदै यथाशक्य चाँडो मर्मतसम्भार गरी विद्युत् उत्पादन गरिने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री खड्काले आयोजनाबाट चाँडोभन्दा चाँडो विद्युत् उत्पादन गर्न सरकारका तर्फबाट हरसम्भव सहयोग हुने प्रतिबद्धता दोहोर्‍याएको उनको निजी सचिवालयले जनाएको छ ।

## ढोरपाटनमा सिकारका लागि पहिलो याम सुरू

■ भीष्मराज ओझा

**काठमाडौं-** मुलुकको एकमात्र ढोरपाटन सिकार आरक्षमा नाउर, झारल र बँदेलको सिकार गर्नका लागि पहिलो याम सुरु भएको छ । वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस यामका लागि १२ नाउर, आठ झारल र ११ बँदेलको सिकारका लागि अनुमति दिएको हो ।

आरक्षमा दुई याममा सिकार खेलाइन्छ। पहिलो याम असोज-कात्तिक र दोस्रो याम चैत-वैशाखसम्म हुने गर्छ। यस यामको सिकार लागि नेपाल ट्राभल एक्सपिडिसन कम्पनीको नेतृत्वमा पहिलो टोली गत असोज २३ गते आरक्षमा पुगेको थियो । सो कम्पनीमार्फत अष्ट्रेलियन नागरिकले यस याममा पहिलो नाउरको सिकार गर्नुभएको छ । नाउरको तौल औसतमा ७० केजीभन्दा बढी हुने गरेको छ। सिकारको अनुमति लिएका बाँकी तीन कम्पनी आरक्षमा जाने क्रममा छन् । निकुञ्जका वरिष्ठ व्यवस्थापन अधिकृत पेम्बा शेर्पाका अनुसार यस याममा चार कम्पनीमार्फत १२ विदेशी सिकारीले सिकारको अनुमति लिएका छन् । हाल नाउरको रु एक लाख ५० हजार र झारलको रु ७५ हजार र बँदेलको रु १० हजार न्यूनतम राजस्व तोकिएको छ ।

न्यूनतमभन्दा धेरै बोलपत्र बढाबढमा कम्पनीले सिकारको अनुमति प्राप्त गर्ने गर्छन् । यस याममा नाउरको सबैभन्दा बढी रु १२ लाख ३० हजार बोलपत्र कबोल गरिएको छ । त्यस्तै झारलको रु सात लाख २५ हजार कबोल गरिएको अधिकृत शेर्पाले जानकारी दिए ।

### एक करोड ४५ लाख बढी राजस्व

'नाउरको सिकार गर्न बँदेलको पनि अनुमति लिनैपर्छ, तर विदेशी सिकारीहरू बँदेलको सिकार गर्न भने खासै इच्छुक देखिदैनन्', अधिकृत शेर्पाले भने, 'बँदेलको सिकारका लागि न्यूनतम् राजस्व रु १० हजार भने तिर्नैपर्छ । सिकारका लागि अनुमति दिएका नाउर, झारल र बँदेलको गरी कूल रु एक करोड ४५ लाख ९२ हजार चार सय राजस्व आम्दानी भएको छ ।'

सिकार कम्पनीले वन्यजन्तु संरक्षणमा टेवा पुगोस् भन्ने उद्देश्यले नाउर र झारलको सिकार गरेबापत केही रकम स्थानीय समुदायलाई समेत दिने गरेका छन् । यसबाट मुलुकले विदेशी मुद्रा आर्जन गर्न पाएको छ भने स्थानीयस्तरमा पर्यटनको समेत विकास भएको छ । विभागले यस वर्षको पहिलो यामका लागि आरक्षमा नाउर, झारल र बँदेलको प्रतिस्पर्धाबाट सिकार गराउन गत भदौ १९ गते १५ दिने सूचना जारी गरी सिलबन्दी दरभाउ पत्र आह्वान गरेको थियो ।

विगत २० वर्षदेखि यस पेसामा संलग्न नेपाल ट्राभल एक्सपिडिसनका सञ्चालक अमृत थापाले सिकारका लागि विश्वमै प्रसिद्ध यस आरक्षमा आउने सिकारीले भौगोलिक कठिनाइका बाबजुद प्राप्त गर्ने आनन्द अनुपम रहेको बताए । साथै उनले हतियारको अनुमति तथा सिकारका लागि कानुनीलगायतका प्रक्रियामा विवरण मिलाउने कार्यलाई आधुनिक र सरलीकरण गर्नुपर्ने सुझाव दिए। सिकारका लागि कम्पनीले निकुञ्ज विभाग, वन मन्त्रालय, गृह मन्त्रालयलगायत निकायमा काम गरी सिकारीले आखेटोपहार आफूसँगै विदेश लैजान झण्डै छ महिनासम्म समय लाग्ने गरेको छ ।

यो आरक्ष पेसेवर विदेशी सिकारीका लागि विश्वमै प्रख्यात छ । यहाँ लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा नाउर, झारल र बँदेलको सिकार गर्न पाइन्छ । सिकार गर्नका लागि सिकारीलाई १४ देखि २१ दिनसम्मको समय दिइन्छ। विदेशी सिकारीले अनुमति प्राप्त बन्दुक र गोली आफ्नो देशबाट ल्याउने र त्यसैले सिकार गर्ने गर्छन् । सिकारीका लागि सो अवधिमा २५ देखि ३० जना सहयोगी टोली खटिन्छ ।

### प्रतिसिकारी ३० देखि ३५ हजार डलर खर्च

हेलिकप्टरबाट गन्तव्यमा जानुपर्ने, दुई दर्जनभन्दा बढी व्यक्तिको सहयोगी समूह आवश्यकपर्ने र निकै दुर्गम भएकाले यहाँ सिकार गर्न निकै खर्चिलो हुन्छ । कम्पनीहरूले प्रतिसिकारी पर्यटकबाट ३० देखि ३५ हजार अमेरिकी डलर लिएर सिकार खेलाउने गरिएको छ । सिकार खेल्न आउने विदेशीमध्ये सबैभन्दा बढी संयुक्त राज्य अमेरिका, मेक्सिको, फ्रान्स, स्पेन, रसिया, हंगेरी, युक्रेन, क्यानडा, जर्मनीलगायत मुलुकका रहेका छन् ।

सिकारीले सिकार गरेपछि वन्यजन्तुको आखेटोपहार (टाउको, सिङ, छाला र खुर) कानुनी रूपमा व्यवस्थित तवरले आफूसँगै लैजान्छन् । सिकार गरिएको वन्यजन्तुको मासु जंगलमा समूहमै रहँदा खाने र अन्य फोहर गाड्ने गरिन्छ ।

आरक्ष कार्यालयका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलका अनुसार आरक्षमा घोरल र थार भए पनि साइटिसको अनुसूचीमा समावेश भएका कारण ती वन्यजन्तुको सिकार खेल्ने अनुमति दिने गरिएको छैन । उनले भने, 'आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिबाङ र घुस्तुङ गरी सात ब्लकमा विभाजन गरेर सिकार खेल्न दिने व्यवस्था मिलाइएको छ ।'

आरक्षमा हाल चरिचरनको गुणस्तर खस्कँदो, अतिक्रमण, चोरी-सिकारी, काठ दाउराको मागमा वृद्धि, डढेलो, अध्ययन-अनुसन्धानको कमी, कठिन मौसम, जलवायु परिवर्तनका असरलगायत चुनौती देखिएका अधिकृत कँडेलले बताए । 'यसरी सिकार गर्न दिँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन । साथै जनावरको संख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पुर्‍याउने वा स्थानीय बालीनालीलाई अत्यधिक क्षति पुर्‍याउने परिस्थिति पनि उत्पन्न हुँदैन', उनले भने ।

### बुढो भाले प्रजातिको मात्र सिकार गर्ने प्रावधान

यी वन्यजन्तुको सिकार खेल्न दिनका लागि प्रत्येक पाँच वर्षमा गणना गरिन्छ । सन् २०२१ मा गणनाअनुसार नाउरको सङ्ख्या एक हजार दुई सय ९० र झारलको सङ्ख्या सात सय ४४ रहेको छ । गणनापछि वैज्ञानिक तरिकाले सिकारका लागि निश्चित संख्या निर्धारण गरिन्छ। बुढो उमेरको भालेको मात्र सिकार गर्ने गरिन्छ। करिब १२ वर्षभन्दा बुढो उमेरका भालेको आंकलन गरी टेलिस्कोपबाट हेरेर पहिचान निश्चित गरिन्छ । गणना तथा अनुगमन गरी वार्षिक कोटा निर्धारण गरेर प्रतिस्पर्धाका आधारमा सिकार गराउने गरिन्छ ।

अघिल्लो आर्थिक वर्षमा १९ वटा नाउर र ११ वटा झारलको सिकार अनुमति दिइएको थियो । यसबाट कूल चार करोड २६ लाख ८८ हजार सात सय राजस्व आम्दानी भएको विभागको तथ्यांक छ । *रासस*

## महिलाद्वारा सञ्चालित डेरीमा १० लाख कारोबार

**दमौली (प्रस)-** तनहुँको देवघाट गाउँपालिका-५ स्थित चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले सञ्चालन गरेको डेरी उद्योगले डेरी पसल विस्तार गरेको छ। डेरीमा संकलन भएको दुग्धजन्य पदार्थ बिक्रीवितरणका लागि सोही वडाको टाउनचोकमा डेरी पसल सञ्चालनमा ल्याइएको हो ।

डेरीबाट उत्पादित दुग्धजन्य वस्तुहरू आफ्ना नियमित उपभोक्ता तथा सर्वसाधारणको सहजताका लागि टाउन चोकमा पसल सञ्चालन गरिएको सहकारीका व्यवस्थापक संगीता ओझाले जानकारी दिइन् । सहकारीले सञ्चालन गरेको डेरीबाट उत्पादित दुग्धजन्य पदार्थहरू दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवा अबदेखि उक्त पसलबाट पनि बिक्री वितरण गरिने ओझाले बताइन् ।

उनका अनुसार डेरी उद्योगमार्फत मासिक रु १० लाखको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ । सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरूको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ ।

देवघाटका महिलाले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध संकलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपानलन, तरकारीखेती तथा सामूहिक रूपमा नगदेबालीको खेतीजस्ता आयआर्जनको काममा सदस्यलाई आबद्ध गराउँदै आएको छ ।

उक्त सहकारीमा हाल दैनिक पाँच सय ७० लिटर दूध संकलन हुँदै आएको छ । संकलित दूधलाई आफ्नै भवनमा रहेको उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको सहकारीका अध्यक्ष तारादेवी पन्तले जानकारी दिइन् । उनका अनुसार दूधबाट दुग्धजन्य पदार्थ दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवालगायत उत्पादन हुँदै आएको छ । सहकारीमा हाल सात सय ९४ जना शेयर सदस्य रहेका छन् ।

सहकारीमा देवघाटको वडा नं १, ४ र ५ का महिला सदस्य छन् । शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरूले उत्पादन गरेको दूध सहकारीले खरिदगरी दुग्धजन्य वस्तु उत्पादनगरी बिक्री गर्दै आइएको छ । उत्पादित दुग्धजन्य वस्तु चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौंडा, कावासोती, गैंडाकोटलगायत बजारमा डेरी पसलमार्फत बिक्री गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ